# मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालद्वारा कपिलवस्तु, रूपन्देही तथा दाङ जिल्लामा २०६४ भदौ ३० देखि असोज ४ गतेसम्म भएका हिंसात्मक घटनाहरूको अनुसन्धान

## १. परिचय

उच्चायुक्तको कार्यालय संविधानसभाको निर्वाचनपछि यो प्रतिवेदन सार्वजनिक गर्दैछ। हिंसा पुनः हुन नदिनमा मद्दत गर्न सक्ने जानकारी तथा सिफारिसहरू उपलब्ध गराउने आशाले यो प्रतिवेदन प्रकाशित गरिएको हो र नेपाल सरकार, जिल्लास्थित राज्यअधिकारीहरू र नागरिक समाजका बीचमा उच्चायुक्तको कार्यालयले सम्बोधन गर्ने मुद्दाहरूबारे रचनात्मक तथा अग्रगामी संलग्नताका लागि अनुकूल भएका बेला यो प्रकाशित गरिएको छ।

यस प्रतिवेदनले मूलतः २०६४ भदौ ३० देखि असोज ४ सम्म भएका घटनामाथि ध्यान केन्द्रित गर्नुका साथै सर्वाधिक गम्भीर घटनाहरू, सन्दर्भ र राज्यअधिकारीहरूको प्रतिक्रिया एवं शान्ति तथा सामुदायहरूबीचको विश्वास पुनर्स्थापना गर्न नागरिक समाज र स्थानीय राज्यअधिकारीहरूबाट अपनाइएका उपायहरूको अध्ययन गरेको छ।

कपिलवस्तुमा भड्केको हिंसाले भित्रभित्रै रहेको तनाव र राज्यको उपेक्षा कति सजिलै हिंसामा परिणत हुन सक्छ भन्ने कुरालाई चित्रित गर्दछ। स्थानीय मुसलमान जमिन्दार मोहित खाँ - जो लामो समयसम्म नेपाली काङ्ग्रेस (नेका)का पूर्व सदस्य तथा *प्रतिकार समिति*[1]का पूर्व सदस्य थिए - को हत्यापछि भएको हिंसामा २०६४ भदौ ३० र असोज ४ को बीचमा १४ जना मारिए र कम्तीमा नौजना घाइते भए। परिणामस्वरूप कैयौं हजार मानिस विस्थापित भए र सम्पत्तिको व्यापक लुटपाट र विनाश भयो।

आधिकारिक आँकडाअनुसार, पाँचवटा मस्जिद र २०० घरसहित ३०० भन्दा बढी भवनहरूमा क्षति पुऱ्याइयो वा तिनलाई ध्वस्त गरियो। छिमेकी जिल्लाहरू दाङ र रूपन्देहीमा पनि हिंसा फैलियो र त्यहाँ पनि मस्जिदलगायतको सम्पत्तिमा क्षति पुऱ्याइयो वा तिनलाई ध्वस्त गरियो र धेरै मानिस अस्थायीरूपमा विस्थापित भए।

स्थानीय सरकारी अधिकारी तथा प्रहरी कपिलवस्तुमा समयमै हिंसा रोक्न वा त्यसमा सकारात्मकरूपले हस्तक्षेप गर्न विफल भए र कैयौं दिनसम्म प्रभावित गाउँहरूमध्ये केहीमा पुगेनन्। नितान्तरूपमा राजनीतिक र सुरक्षा शून्यता भएको स्थितिमा प्रतिकारात्मक आक्रमण भइरहे, खासगरी ग्रामीण क्षेत्रमा।

मानवीय सहायता संस्थाहरूले आन्तरिकरूपमा विस्थापित जनता - जो भागेर भारत गएकामध्ये अधिकांश मानिसहरू घर फर्केजस्तै सन् २००८ जनवरीसम्ममा फर्किसकेका थिए - लाई सहायता उपलब्ध गराउन स्थानीय राज्यअधिकारीहरूसँग निकटमा रहेर काम गरे। तर, विस्थापितमध्ये केहीले आफूले सुरक्षित महसुस नगर्ने र कैयौंपटक हिंसाद्वारा निशाना बनाइएका गाउँहरूमा फर्केर जानुभन्दा पुनर्वासका लागि अनुरोध गरेका छन्।

कपिलवस्तु तथा आसपासका जिल्लाहरूमा भएको हिंसाबारे अनुसन्धान गर्न २०६४ असोज ३ गते सरकारले एक उच्चस्तरीय न्यायिक आयोग गठन गऱ्यो र पीडितहरूलाई तत्काल राहत उपलब्ध गराइने कुराको घोषणा गऱ्यो। मन्त्रिपरिषद्ले सो हिंसाको भर्त्सना गरेको, पीडितहरूलाई समवेदना व्यक्त गरेको तथा प्रभावित जिल्लाका निवासीहरूलाई संयम अपनाउन आग्रह गरेको कुरा गृहमन्त्रीले उल्लेख

---

[1] *प्रतिकार समिति*लाई सामान्यतया भिजिलान्ते वा आत्मरक्षा समूह भनेर जनाइन्छ। सशस्त्र द्वन्द्वको क्रममा, यस्ता समूहहरू कम्तीमा सुरक्षाबल, खासगरी (शाही) नेपाली सेना (शानेसे)को मौन समर्थनमा नेकपा (माओवादी)को प्रभावसँग टक्कर लिन पश्चिमी तराईका केही जिल्लाहरूमा सक्रिय थिए। कपिलवस्तुमा *प्रतिकार समिति*द्वारा गरिएका गतिविधिबाट हत्याका साथै ठूलो सङ्ख्यामा स्थानीय मानिसहरू, अधिकांश पहाडी, को विस्थापन भयो। अत्यधिक मात्रामा पहाडीहरूले सुरु गरेको माओवादी विद्रोहलाई सहयोग गरेको वा उनीहरूसँग नजिक रहेको रूपमा पहाडीहरूलाई हेरियो। द्वन्द्वको अन्त्यपछि नागरिक समाज तथा नेकपा (माओवादी)ले *प्रतिकार समिति*का पूर्व सदस्यहरूलाई निशस्त्र नगरिएको भनी बारम्बार गुनासो गरेका छन्।

गरे। त्यसै दिन प्रधानमन्त्रीले मुसलमान समुदायका प्रतिनिधिहरूसँग भेट गरेर तिनलाई साम्प्रदायिक सद्भाव कायम राख्न आग्रह गरेको भनियो।

तर, आयोगलगायतद्वारा सो हिंसाबारे गरिएका आधिकारिक अनुसन्धानहरूले सम्पत्ति र भौतिक क्षतिमाथि ध्यान केन्द्रित गरे तथा धेरै घटनाहरूमा जिम्मेवारहरूको पहिचान भएको भनिए पनि हत्याबारे अनुसन्धान गर्ने कुनै पनि गम्भीर प्रयत्न भएको छैन। हिंसाको अनुसन्धान गर्न सरकारद्वारा स्थापित आयोगले आफ्नो प्रतिवेदन सन् २००८ जनवरीमा सरकारलाई पेस गर्‍यो, तर यो प्रतिवेदन सार्वजनिक गरिएको छैन र यसका सिफारिसहरू कार्यान्वयन गर्न बाँकी नै छ।

समुदायहरूको बीचमा विश्वासको पुनःनिर्माण गर्न केही पहलहरू भए तापनि तनाव छँदैछ र भविष्यमा थप हिंसा हुन नदिन धेरै काम गर्नुछ। गत शरद (ऋतु)मा कपिलवस्तुमा भएको हिंसाले सरकारले तराईमा तनाव र निराशा उत्पन्न गराउने कारणहरूलाई सम्बोधन गर्नुपर्ने तथा जनताका सार्वजनिक सुरक्षासम्बन्धी चासोहरूलाई सम्बोधन गर्नुपर्ने जरुरी आवश्यकतामाथि जोड दियो।

घटनासम्बन्धी जानकारी लिन तथा सम्बन्धित समुदायका गाँस बासजस्ता आधारभूत आवश्यकता एवं थप हिंसा हुन नदिने उपाय दुवैबारेको प्रतिक्रिया पहिचान गर्न मानवीय सहायता संस्थाहरू, स्थानीय राज्यअधिकारीहरू तथा नागरिक समाजसँग सम्पर्क कायम गर्न कपिलवस्तु क्षेत्रमा सन् २००७ को सेप्टेम्बरदेखि डिसेम्बरसम्म उच्चायुक्तको कार्यालयको निरन्तरै जस्तो उपस्थिति थियो। सरोकारहरूको अनुगमन गर्न सो क्षेत्रको नियमित भ्रमण गर्ने कार्य जारी छ।

## २. अध्ययनविधि

भदौ ३१ र असोज २ गतेका आफ्ना प्रेस विज्ञप्तिहरूमा उच्चायुक्तको कार्यालयले कपिलवस्तु र रूपन्देही जिल्लामा भएका हत्याको भर्त्सना गर्‍यो, सहिष्णुता देखाउन तथा थप हिंसा नगर्न जनतालाई आग्रह गर्‍यो र न्यायमा पहुँचसहितको सुरक्षित वातावरणको सिर्जना गर्न आफ्नो अधिकार सशक्तरूपमा प्रयोग गर्न सरकारलाई आह्वान गर्‍यो।

असोज १ गतेदेखि ३ गतेसम्म उच्चायुक्तको कार्यालय र नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अन्मिन)ले कपिलवस्तु र रूपन्देही जिल्लामा संयुक्त प्रारम्भिक अनुसन्धान गरे। उच्चायुक्तको कार्यालयले २०६३ मङ्सिर १४ गतेसम्म सो क्षेत्रमा निरन्तर उपस्थिति कायम राख्यो र त्यसपछि अनुसन्धान जारी राख्न, हिंसाप्रति राज्यअधिकारीहरूको प्रतिक्रियाको अनुगमन गर्न र शान्ति पुनर्स्थापना गर्न तथा विश्वासको पुनःनिर्माण गर्न लिइएका भनिएका कदमहरू पहिल्याउन यो नियमित अन्तरालमा फर्क्यो। मोहित खाँको मृत्युपश्चात् पहाडी[२]विरुद्ध भएका आक्रमणले गर्दा दाङमा मुसलमान समुदायविरुद्ध भएका आक्रमणहरूको पनि उच्चायुक्तको कार्यालयले अनुगमन गर्‍यो। यस कार्यालयले आफ्नो अनुसन्धानका क्रममा स्थानीय सरकार तथा सुरक्षाफौज, राष्ट्रिय मानवअधिकार आयोग (आयोग), मानवअधिकार सङ्गठनहरू र नागरिक समाज एवं हिंसाबाट विस्थापित मानिसलाई सहायता उपलब्ध गराउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग निकट सम्पर्क कायम राख्यो।

उच्चायुक्तको कार्यालयले प्रभावित क्षेत्रका सबै गाउँहरूको भ्रमण गर्‍यो तथा पीडित, प्रत्यक्षदर्शी, विस्थापित व्यक्तिहरू, स्थानीयवासी, एवं मानवअधिकार रक्षक, पत्रकार, सरकारी तथा सुरक्षा अधिकारीहरू, चिकित्साकर्मी, राजनीतिक दलका सदस्यहरू र प्रहरी हिरासतमा रहेका थुनुवाहरूसँग १५० भन्दा बढी अन्तर्वार्ता लियो। अनुसन्धानको क्रममा, उच्चायुक्तको कार्यालयले आयोगसँग मिलेर काम गर्‍यो र केही घटनामा संयुक्त अनुगमन गर्‍यो। आयोगले यो प्रतिवेदन र यसका निष्कर्षहरू तयार पार्नमा योगदान पुर्‍यायो।

## ३. सन्दर्भ

---

[२] यस प्रतिवेदनमा प्रयोग गरिएको मधेशी भन्ने शब्दले पुस्तौंदेखि तराईमा बसोबास गरिआएका समुदायलाई जनाउँछ भने पहाडी शब्दले पहाडी जिल्लाहरूबाट बसाइँ सरेर आएका समुदायलाई जनाउँछ। अधिकांश मुसलमानहरू मधेशी छन् तर धेरै मधेशी हिन्दु छन्।

हिंसाबाट प्रभावित तराईका तीनवटा जिल्लाहरूमा मधेशी/पहाडी दुवैको मिश्रित आबादी छ। सर्वाधिक प्रभावित जिल्ला कपिलवस्तुमा करिब ५ लाखको आबादी छ, जसमध्ये असी प्रतिशत मधेशी[३] छन्। विगतका दशकहरूमा उत्तरी पहाडी जिल्लाहरूबाट तराईमा उल्लेख्य मात्रामा राज्यद्वारा स्वीकृत बसाइँसराइ भएको छ जसले गर्दा तराईवासी र पहाडी बासिन्दा, जसमा मुसलमान र सबै जातका हिन्दुहरू पर्दछन्, बीच तनाव पैदा भएको छ। पहाडीहरूले स्थापित भइसकेका मधेशी समुदायहरूमा बसोबास गर्ने गरेका छन्। सन् १९९० को दशकमा, सरकारले केही पहाडीहरूलाई भूमि वितरण गर्‍यो (उदाहरणार्थ, कपिलवस्तुको पत्थरदैया गाउँ विकास समिति (गाविस)को दीपेन्द्रनगर गाउँमा)। अरू पहाडीहरू पहिले प्रयोग नगरिएको भूमिमा बसोबास गरेका छन्, जस्तो कि कपिलवस्तुको बिसनपुर गाविसको देवीपुर गाउँमा। आजसम्म पनि भूमिसम्बन्धी मुद्दा तनावको मुख्य कारण छँदैछ। यसबाहेक, कपिलवस्तुका दुई प्रभावित नगरहरू चन्द्रौटा र कृष्णनगरमा रहेको व्यापारिक समुदायको ठूलो आबादी पहाडबाट बसाइँ सरेर आएका पहाडीहरूको वा तराईका हिन्दुहरूको छ।

कपिलवस्तु मूलतः कृषिप्रधान जिल्ला हो। यस क्षेत्रमा अन्य जिल्लाहरूको भन्दा यसको साक्षरता दर कम छ र यो कम विकसित मानिन्छ। जिल्लाभित्रको कृषि भूमि थोरै परिवारहरूद्वारा नियन्त्रित छ। सामन्ती जमिन्दारी प्रथा अद्यापि कायम छ, जसमा एकै व्यक्तिले गाउँलगायत ठूलो मात्रामा भूस्वामित्व लिन सक्छ। मधेशी र पहाडी गाउँलेहरूमध्ये धेरैजसो बाली कमाउने विभिन्न प्रथाअन्तर्गत जमिन्दारहरूको भूमिमा काम गर्छन्।

कपिलवस्तुको सिमाना भारतसँग जोडिएको हुनाले यस जिल्लाको अर्थतन्त्र मूलतः सीमावारपार हुने निकट व्यापारिक सम्बन्ध, कानुनी र गैरकानुनी दुवै, मा भर पर्दछ। पश्चिमी कपिलवस्तु (कृष्णनगर) चोरी निकासी पैठारीका निम्ति एउटा महत्त्वपूर्ण मार्ग हो। सीमा व्यापारको नियन्त्रणका लागि पनि जमिन्दार, *प्रतिकार समिति*का पूर्व सदस्यहरू, आपराधिक गिरोह, सुरक्षाबलका व्यक्तिगत सदस्य तथा राजनीतिक दलहरूलगायत विभिन्न गुटहरूबीचको प्रतिस्पर्धा तनावको एउटा प्रमुख कारण रहेको छ।

राज्यका संस्थाहरू तथा कानुन पालना गराउने संस्थाहरू सशस्त्र द्वन्द्वको अन्त्ययता विशेषतः कमजोर भएका छन्। द्वन्द्वको क्रममा, नेपाल प्रहरी (नेप्र)लाई तत्कालीन शाही नेपाली सेना (शानेसे)को संयुक्त कमान्डमा समावेश गरिएको थियो, जुन कानुन र व्यवस्था कायम गर्न जिम्मेवार थियो। सन् २००६ अप्रिलमा भएको जनआन्दोलन तथा २०६३ कात्तिकमा भएको विस्तृत शान्ति सम्झौता (सम्झौता)पछि, नेपाली सेना (नेसे)लाई ब्यारेकमा सीमित गरियो र नेप्रले कानुन तथा व्यवस्था कायम गर्ने आफ्नो भूमिका पुनः सम्हाल्यो। तर, संसाधन तथा उपकरणको अभाव, आफ्ना वरिष्ठहरूको अपर्याप्त सहयोग तथा न्यून मनोबलले गर्दा नेप्र सो काम गर्न कमजोर अवस्थामा थियो। कानुन पालना गराउने गतिविधिमा राजनीतिक दलहरूको बारम्बारको हस्तक्षेपले गर्दा यो स्थिति झन जटिल भयो।

शसस्त्र द्वन्द्व तथा तराईका केही जिल्लाहरूमा सन् २००४ को पछिल्लो समयमा स्थापित भई देखा परेका *प्रतिकार समिति*ले गर्दा विविध जातीय तथा धार्मिक समुदायहरूबीचको सम्बन्ध झन खराब भयो।[४] *प्रतिकार समिति*का पूर्व सदस्यहरूका अनुसार, उनीहरूसँग आफ्नै हतियारहरू थिए तर तिनले तालिम भने शानेसेबाट लिएका थिए।[५] *प्रतिकार समिति*हरू नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा-माओवादी)को समर्थक वा सदस्य ठानिएका जोसुकैको खोजी गर्न अत्यन्त सक्रिय थिए। नेकपा (माओवादी) र *प्रतिकार समिति*बीचको झडपका परिणामस्वरूप कपिलवस्तुमा धेरै सर्वसाधारण मारिए र ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित भए।

सन् २००६ सेप्टेम्बरमा, द्वन्द्वको समाप्तिसँगै *प्रतिकार समिति* भङ्ग भयो र मधेशी नेका तथा *राष्ट्रिय प्रजातान्त्र पार्टी* (राप्रपा)का समर्थकहरूको एउटा समूहले मोहित खाँलगायत *प्रतिकार समिति*का पूर्व सदस्यहरूलाई *लोकतान्त्रिक मधेशी मोर्चा* (लोममो) गठन

---

[३] सन् २००१ को जनगणनाअनुसार।

[४] मोहित खाँले उच्चायुक्तको कार्यालयसमक्ष आफू कहिल्यै पनि *प्रतिकार समिति*को नेता नभएको दाबी गरे तापनि सन् २००४ को पछिल्लो अवधिबाट सन् २००६ अप्रिलसम्म कम्तीमा पनि उनी अत्यन्त प्रभावशाली तथा महत्त्वपूर्ण सदस्य भएको देखिन्छ।

[५] नागरिक समाज र नेकपा (माओवादी)ले शानेसेले पनि *प्रतिकार समिति*लाई हातहतियार उपलब्ध गराएको प्रायः आरोप लगाएका छन्। शानेसेले उच्चायुक्तको कार्यालयसमक्ष आफूले उक्त समूहलाई सुराकीका रूपमा प्रयोग गरेको कुरा स्वीकार गरेका छन्।

गर्नमा साथ दियो – एउटा यस्तो सङ्गठन जसको घोषित उद्देश्य मधेशी अधिकारको वकालत गर्नु थियो।[६] औपचारिकरूपमा *प्रतिकार समिति* भङ्ग भए तापनि यसका पूर्व सदस्यहरूले कपिलवस्तुका ठाउँठाउँमा महत्त्वपूर्ण अधिकारको अभ्यास गरे। *प्रतिकार समिति*का पूर्व सदस्यहरू निशस्त्र गरिएनन् र गम्भीर अपराधमा जिम्मेवार भनिएकाहरूलाई जवाफदेही ठहऱ्याउन कुनै पनि कदम चालिएन भनी नेकपा (माओवादी) र नागरिक समाजले बारम्बार गुनासो गरेका छन्।

सन् २००७ जनवरीमा, राष्ट्रिय मानवअधिकार आयोगले *प्रतिकार समिति*का पूर्व सदस्यहरूलाई निशस्त्र गर्ने र आरोपित अपराधमा कानुनी कारबाही थाल्ने मुद्दाका सम्बन्धमा छलफल गर्न सरकारी अधिकारी, नागरिक समाजका प्रतिनिधि, नेकपा (माओवादी)लगायत राजनीतिक दलहरू र नवलपरासी, रूपन्देही तथा कपिलवस्तुका *प्रतिकार समिति*का पूर्व सदस्यहरूसँग भेट गऱ्यो। *प्रतिकार समिति*का पूर्व सदस्यहरूका साथमा भएका हातहतियार फिर्ताका लागि आयोगले नवलपरासीमा छलफल सुरु गऱ्यो, तर यो पहलबाट कपिलवस्तुमा कुनै ठोस उपलब्धि भएन।

सन् १९९० तिरै कपिलवस्तु जिल्लाका समुदायहरूबीच भएको तनावले गर्दा हिंसा भएको थियो।[७] तर, हिंसाको सर्वाधिक गम्भीर घटना सन् २००५ को फेब्रुअरी र मार्चमा अचानक भयो जब *प्रतिकार समिति*का सदस्यहरू र नेकपा (माओवादी) बीचका हिंसात्मक भिडन्तहरूले गर्दा दुवै पक्षका सदस्यहरूसमेत ६० जनाको ज्यान गयो र हजारौं सर्वसाधारण विस्थापित भए। त्यसमध्येको एउटा भिडन्तमा मोहित खाँको घरमा सशस्त्र आक्रमण गरिएको थियो। यसको परिणामस्वरूप, शानेसेले मोहित खाँको हातासँगै एउटा चौकी स्थापना गऱ्यो जुन अद्यापि छँदैछ। नागरिक समाज र नेकपा (माओवादी)ले सेनाले मोहित खाँलाई संरक्षण गरिरहेको र उनका गैरकानुनी गतिविधिहरूलाई दण्डहीनताका साथ हुन दिइरहेको आरोप लगाए र यसलाई हटाइयोस् भनी बारम्बार अनुरोध गरे।[८] सन् २००७ सेप्टेम्बरमा लक्ष्यित गरिएका गाउँहरूमध्ये धेरैजसोलाई सन् २००५ को हिंसामा पनि लक्ष्यित गरिएको थियो - एउटा तथ्य जसले आफ्ना गाउँमा फर्कनुभन्दा अन्यत्र पुनर्वास खोज्ने विस्थापितहरूमध्ये केहीका निर्णयलाई प्रभावित गऱ्यो।

सन् २००७ सम्ममा, मोहित खाँ र नेकपा (माओवादी) बीचको सम्बन्ध सुध्रिएको थियो भनियो र यी दुईका बीच कुनै न कुनै किसिमको संवादको थालनी भएको थियो।

## ४. हिंसाको कालक्रम

मोहित खाँलाई शिवपुर गाविसको बालपुर गाउँमा जग्गा निरीक्षण गर्न जाँदा बाटामा भदौ ३० गते बिहान ७:४५ र ८ बजेका बीचमा गोली हानी मारियो। बिहान ७:३० बजेको केही समयपछि मोहित खाँ मोटरसाइकलमा निशस्त्र एक्लै बालपुर आइपुगे र गाउँमा केही मानिसहरूसँग कुराकानी गरे। त्यसको लगत्तै दुईजना अपरिचित व्यक्तिहरू मोटरसाइकलमा आएर मोहित खाँको सामुन्ने रोकिए। आफूले बन्दुक पड्केको आवाज सुनेको र मोहित खाँ भुइँमा ढलेको देखेको कुरा प्रत्यक्षदर्शीहरूले बताए।[९]

गाउँलेहरूले मोहित खाँका छोरालाई जानकारी गराए, जसले पछि उच्चायुक्तको कार्यालयलाई चन्द्रौटास्थित प्रहरीलाई आफूले जानकारी गराएको तथा आफ्ना बुबाको शव ल्याउन तत्कालै गाडीमा गएको कुरा बताए। बिहान ९ बजेतिर मोहित खाँका छोरा घटनास्थल आइपुगेकै बेलातिर प्रहरी आइपुग्यो। प्रहरी र मोहित खाँका छोरा दुवैका अनुसार, घटनास्थलमा जम्मा भएका ५०–६० जनाजति मधेशीहरूको एउटा समूहले प्रहरीको गाडीमाथि ढुङ्गा बर्साउन थाले। मोहित खाँका छोराले आफूले बुबाको शव ल्याउन प्रहरीलाई सो ठाउँ छोड्न अनुरोध गरेको र सो शव आफूले घर ल्याएको कुरा उच्चायुक्तको कार्यालयलाई बताए।

---

[६] लोकतान्त्रिक मुक्ति मोर्चा कृष्णनगरमा गठन गरिएको थियो र यसले आफ्ना अधिकांश गतिविधिहरू त्यसै क्षेत्रमा सञ्चालन गऱ्यो।

[७] स्थानीय मानिसहरू मधेशीहरूको एक समूहद्वारा पहाडी महिलाहरूको एक समूहलाई बलात्कार गरिएको तथा खुरुरिया गाविसबाट ५० जनाजति पहाडीको अपहरण गरिएको कुरा प्रायः उल्लेख गर्दछन्।

[८] उच्चायुक्तको कार्यालयसँगको बैठकहरूमा, यसलाई हटाउनका निम्ति सरकारसमक्ष अनुरोध पेस गर्नुपर्ने नेसेको यससम्बन्धी अडान निरन्तर रहिआएको छ।

[९] वास्तविक हत्या भएको आँखैले देख्ने प्रत्यक्षदर्शीहरू थोरै मात्र थिए र उनीहरूका बयानहरू फरक छन्।

मोहित खाँको हत्याको खबर तुरुन्तै फैलियो र निजको मृत्युको खबर फैलिने बित्तिकै आफूहरूले हिंसात्मक प्रतिक्रियाको आशङ्का गरेको कुरा धेरै मानिसले उच्चायुक्तको कार्यालयलाई बताए। एक घण्टाभित्रै **चन्द्रौटा** र **कृष्णनगर** (चन्द्रौटाबाट सीधा २५ किलोमिटर दक्षिणमा भारतीय सीमामा रहेको) मा पहाडीका घर तथा पसलहरू आक्रमण गरियो, जलाइयो र लुटपाट गरियो। प्रत्यक्षदर्शीहरूका अनुसार, दुवै घटनामा बजारमा मोटरसाइकल र गाडीमा आएका *खुकुरी,*[१०] *लाठी,*[११] हतौडा र हँसियाहरूले सुसज्जित मानिसहरूको एउटा समूहले आक्रमण गर्न उक्साएको थियो। ती मानिसहरूले आक्रमण सुरु गरेको तथा स्थानीय मधेशीहरूलाई आफूलाई साथ दिन उक्साएको भनियो। मोहित खाँको हत्या भएको सुनेका केही व्यापारी मालिकहरूले आफ्ना पसलहरू बन्द गरिसकेका थिए र चन्द्रौटा तथा कृष्णनगर दुवै ठाउँमा गडबड हुन सक्छ भनी प्रहरीलाई सचेत गराएका थिए। कृष्णनगरमा लुटपाट र तोडफोड करिब दुई घण्टासम्म जारी रह्यो भने चन्द्रौटामा तीन घण्टासम्म। तर, अपरान्ह १:३० बजे कर्फ्युको घोषणा नगरुन्जेलसम्म ठूला भिडहरू सडकमै थिए। अरू दुई दिनसम्म चन्द्रौटा र आसपासमा महेन्द्र राजमार्ग नजिकै मुसलमानको स्वामित्व भएका व्यापार व्यावसाय जलाउनुका साथै राजमार्गछेउ पार्क गरिएका मुसलमानका कैयौं बस तथा ट्रकहरू जलाइए।[१२]

हिंसा भड्कँदा चन्द्रौटामा नेप्रका २० अधिकारीहरू इलाका प्रहरी कार्यालय (इप्रका)मा थिए। नेप्रको इप्रकाका निरीक्षक एक दर्जनभन्दा कम अधिकारीहरूलाई कार्यालयमै छाडेर सातजना अधिकारीका साथमा मोहित खाँको हत्या भएको घटनास्थलमा गए। मानिसहरूको एउटा भिड प्रहरी हाताको गेटमा जम्मा भएको थियो र भित्र पस्न चाहन्थ्यो तर नेप्रले तिनलाई भित्र पस्नबाट रोके। नेप्रको टोली बिहान ११ बजेतिर इप्रकामा फर्कियो। सशस्त्र प्रहरी बल (सप्रब)ले स्थिति नियन्त्रणमा लिएपछि नेप्रका सबै कर्मचारी मध्यान्हमा चन्द्रौटा बजार नआइपुगुन्जेल इप्रकाभित्रै रहे।

सप्रबका करिब ५० जना हिंसाका क्रममा चन्द्रौटा बजारमा तैनाथ गरिएका थिए। चन्द्रौटाका सप्रबका अनुसार, गणका ३०० सप्रबमध्ये १०० जना गस्ती तथा सुरक्षा जाँच गर्न सीमामा नियमित ड्युटीमा थिए। बाँकी २०० सशस्त्र कर्मचारीलाई घटना भएका बेला तैनाथ गरियो, तर तैनाथ गरिएको समय र सङ्ख्या विवादित छन्। सप्रबले यस्ता विवरणको अभिलेख राखेन र उच्चायुक्तको कार्यालयद्वारा प्राप्त मौखिक जानकारीलाई लुटपाट नसकिन्जेल सप्रब त्यहाँ आइपुगेन भन्ने स्थानीयवासीका दाबीले प्रतिवाद गरे।[१३]

कृष्णनगरमा स्थानीय मानिसहरूले मोहित खाँको मृत्युबारे नेपाल प्रहरीका निरीक्षकलाई बिहान ८:४५ बजे जानकारी गराएका थिए। हिंसा भड्किएपछि उनको मातहतमा रहेका २० प्रहरी अधिकारीहरूमध्ये १४ जनालाई दुई समूहमा खटाइयो तर हुलदङ्गा गर्नेहरूको सङ्ख्या ज्यादै बढी थियो र नेप्र फर्कियो।[१४] चन्द्रौटामा जस्तै इलाका प्रहरी कार्यालयमा रहेका २० जना नेप्र अधिकारीहरू हिंसाको अधिकांश अवधिमा ब्यारेकभित्रै रहे र सप्रबले स्थिति नियन्त्रणमा ल्याएपछि पुनः उनीहरूलाई सडकमा तैनाथ गरियो।

कृष्णनगरमा सप्रबका ४० कर्मचारी थिए, जसमध्ये १७ जना घटना भएका बेला नियमित गस्तीमा थिए। आक्रमण भएको थाहा भएपछि गस्तीमा भएका सबै कर्मचारीलाई सप्रबको ब्यारेकमा फिर्ता बोलाइयो। बिहान १०:१५ बजे सप्रबका सबै ४० जना कर्मचारीलाई  स्थितिलाई नियन्त्रण गर्न तैनाथ गरियो र उनीहरू नगरमा आक्रमण गरिएको एक घण्टाभन्दा बढी समयपछि १०:३० बजे बजार पुगे। उनीहरू केही पसलहरूको सुरक्षा गर्न सफल भएको र भिडले आफूमाथि घरेलु बम फ्याँकेपछि तिनले हवाई फायर गरेको भनियो। त्यसको लगत्तै नेप्र बजार फर्क्यो र लाठी चार्ज गरेर भिडलाई नियन्त्रण गर्न खोज्यो। नेप्र र सप्रबले प्रमुख जिल्ला अधिकारी (प्रजिअ)बाट अपरान्ह १:३० बजे कर्फ्यु लगाउन आदेश प्राप्त गरेपछि शान्ति पुनर्बहाली भयो।

---

[१०] खुकुरी

[११] बाँसको लामो डन्डा

[१२] महेन्द्र राजमार्ग पूर्वको काँकरभिट्टा र पश्चिमको महेन्द्रनगरलाई जोड्ने नेपालको सबैभन्दा लामो राजमार्ग हो। महेन्द्र राजमार्गमा मुसलमानको स्वामित्वमा रहेका पसलहरू आक्रमण गरिएका ठाउँहरू बुटवल, जितपुर, बाणगङ्गा र चन्द्रौटा नजिक थिए।

[१३] करिब ५० जना सप्रबका कर्मचारीहरूलाई पहिला तैनाथ गरिएको तथा बाँकीलाई उनीहरू तयार भएपछि तैनाथ गरिएको कुरा प्रनाउले बताए। सप्रबले भिडलाई पछाडि धकेल्न लाठी चार्ज गरे र करिब ११:३० र १२ बजेको बीचमा थप फौज आएपछि स्थिति साम्य भयो।

[१४] प्रहरी तथा सर्वसाधारणसँग लिइएका अन्तर्वार्ताहरू

चन्द्रौटा र कृष्णनगरमा भएको हिंसा खुरुरिया, गणेशपुर, पत्थरदैया तथा जवारी गाविसमा पर्ने छिमेकी गाउँहरूमा तुरुन्तै फैलियो। प्रत्यक्षदर्शीका रिपोर्टअनुसार, भदौ ३० गते बिहान १० बजे र ५ बजेको बीचमा मोटरसाइकलमा सवार ८–१० जना सशस्त्र व्यक्तिहरू बञ्चरा, *खुकुरी* तथा *लाठी*ले सुसज्जित करिब ७०–१०० जनाको समूहको अगाडि लागेर घरहरू जलाउँदै, घरायसी सामान लुटपाट गर्दै तथा दुईजना पहाडी बासिन्दालाई मार्दै गाउँगाउँमा गए।[१५] घटना भएको समयसँग मिल्ने पीडित तथा प्रत्यक्षदर्शीहरूका बयानहरूले गाउँहरूमाथि भएका आक्रमणमा तिनै मानिसको समूह जिम्मेवार हुन सक्ने कुराको सङ्केत गर्दछन्।

हताहतिका सम्बन्धमा सबैभन्दा गम्भीर हिंसा बिसनपुर गाविसको **देवीपुर** गाउँमा घट्यो, जहाँ ६ जना पहाडीको हत्या गरियो। देवीपुर जातीयरूपमा पहाडी, आदिवासी थारू, र मधेशी तथा पहाडी दुवै मुसलमानलगायतकाहरू छ्यासमिस भएको सुकुम्बासीहरूको गाउँ हो। देवीपुरमा बसोबास गर्ने सुकुम्बासीहरू र बिसनपुरका छिमेकी मधेशी समुदायका बीच भूमिसम्बन्धी तनावको लामो इतिहास छ; मधेशीहरू सुकुम्बासीहरूले बसोबास गरेको जग्गा विगतमा आफ्नो भएको दाबी गर्छन्।

मोहित खाँको मृत्यु भएको सुनेपछि देवीपुरवासीहरूले केही गडबडी होला कि भनेर चन्द्रौटाका प्रहरीलाई बोलाए।[१६] प्रहरीले चन्द्रौटामा भएका घटनामा सहायता पठाउन नसकिने भनी जवाफ दिए भनियो। बिहान करिब ९:३० र १० बजेबीच भाला र लट्ठीले सुसज्जित मधेशी पुरुषका दुई समूह (जम्मा ५०–७०) देवीपुरमा भेला भए। प्रत्यक्षदर्शीहरूका अनुसार, तिनले गाउँलेहरूलाई मोहित खाँको मृत्युमा संलग्न भएको आरोप लगाए र हिन्दीमा उनीहरूलाई सो ठाउँ छाड नत्र मर्नेछौ भनी चिच्याए। ती समूहहरूले लुटपाट गर्नुका साथै घरहरूमा आगजनी गरे (देवीपुरमा एउटाबाहेक सबै घर ध्वस्त पारिए) र खासखास व्यक्तिहरूलाई खोजीखोजी मारे। मारिने ६ जनामध्ये सुकुम्बासी समितिका अध्यक्ष र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) (नेकपा–एमाले)का एक नेता थिए, जसलाई तिनका परिवारका सामुन्ने कुटीकुटी मारियो र तिनका शवमा आगो लगाइयो। धेरै गाउँलेहरू आक्रमणकारीहरूलाई चिन्दथे।[१७] तीन दिनपछि पहिलोपटक प्रहरी असोज २ गते देवीपुरमा आयो र शव लियो।

भदौ ३१ गते अत्यधिक मात्रामा मधेशी मुसलमानहरू भएको **खैरे** गाउँमा आक्रमण गरियो। खैरे गाउँ मोहित खाँ मारिएको ठाउँबाट दुई किलोमिटर टाढा महेन्द्र राजमार्गको छेवैमा अवस्थित छ। अपरान्ह करिब ३ बजे २०० जनाजति मानिस, मुख्यतः पहाडी युवा, गाडीमा आएको कुरा प्रत्यक्षदर्शीहरूले बताए। उनीहरू खैरे गाउँको ठीक उत्तरको राजमार्गमा रोकिए र हिँड्दै गाउँमा पसे। त्यसबेला, गाउँका पुरुषहरू मोहित खाँको अन्त्येष्टिमा गएका हुनाले त्यहाँ महिला र बालबालिकामात्र थिए। आक्रमणकारीहरूले गाउँनजिकै पार्क गरिएका ट्रकहरू जलाउनुका साथै घरमा आगो लगाए, धनसार जलाए र केही पशु मारे। तिनीहरूले गाउँको मस्जिदमा पनि क्षति पु¥याउनुका साथै पवित्र धार्मिक पुस्तकहरूमा आगो लगाए। सो भिड आएको देखेपछि गाउँका महिला तथा बालबालिकाहरू भागेर खेतबारीमा लुक्न गए र कोही पनि घाइते भएनन्। जलाइएका ४७ घरमध्ये ४६ वटा मधेशीका थिए। घटनापश्चात अधिकांश गाउँलेहरू भागेर भारत गए। नेप्रको जिल्ला प्रहरी कार्यालय (जिप्रका)का एक निरीक्षकले सप्रब र नेप्रको एक संयुक्त टोलीले अश्रुग्यासको प्रयोग तथा हवाई फायर गरेर खैरे गाउँमाथिको आक्रमण रोक्न सकारात्मक हस्तक्षेप गरेको दाबी उच्चायुक्तको कार्यालयसमक्ष गरे। तर, गाउँलेहरूका अनुसार, प्रहरीहरू सो घटनाको तीन दिनपछि पहिलोपटक गाउँमा आएका थिए।

पहाडीहरूको एउटा ठूलो भिडले पत्थरदैया गाविसको जगदीशपुरमा रहेको प्रहरी चौकीलाई घेरेर उक्त चौकीमा भएका १०/१२ जना मधेशीहरूको समूहमध्येबाट *प्रतिकार समिति*का तीनजना पूर्व सदस्यहरूलाई बुझाउन प्रहरीलाई बाध्य पारेपछि पहाडीविरुद्ध भएका आक्रमणका लागि बदला लिनजस्तो देखिएको असोज ३ गतेको त्यो घटनामा, तीनजना मारिए र एकजना मधेशी मानवअधिकार रक्षकलगायत नौजना घाइते भए। भदौ ३० गतेको लुटपाट तथा आगजनीमा संलग्नताको एवं आफू *प्रतिकार समिति*का सदस्य हुँदा गम्भीर अपराधको आरोप लागेका तीनजना पीडितहरूलाई प्रहरीकै सामुन्ने (१९ जना सप्रबका र २३ जना नेप्रका अधिकारीहरू)

---

[१५] कतिपय प्रत्यक्षदर्शीहरूले आफूले आक्रमणमकारीहरूमध्ये केहीलाई *प्रतिकार समिति*का सदस्यको रूपमा चिन्न र पहिचान गर्न सक्ने कुरा उच्चायुक्तको कार्यालयलाई बताए।

[१६] प्रत्यक्षदर्शीका बयानअनुसार

[१७] कतिपय प्रत्यक्षदर्शीहरूले पीडितका हुलियाको विस्तृत विवरण दिए।

कुटीकुटी मारियो । साथै, सद्भावना प्रवर्द्धन गर्न भनी आएको प्रतिनिधिमण्डलका सदस्यहरूले सम्पर्क गरे। दुई पहाडी र एक मधेशी मानवअधिकार रक्षक मानवअधिकारका झण्डा बोकेर मोटरसाइकलमा आइपुगे। मानवअधिकार रक्षकलाई मधेशी जस्तो ठानियो र निजलाई तत्कालै धारिलो हतियारले आक्रमण गरी गम्भीररूपमा घाइते बनाइयो।[१८] प्रहरी चौकीभित्र रहेका मधेशीहरूमाथिको आक्रमण रोक्न आफूले अश्रुग्यास पड्काएको र कैयौं राउन्ड गोली हवाई फायर गरेको तर आफ्नोभन्दा भिडको सङ्ख्या अत्यधिक बढी भएको दाबी नेप्र तथा सप्रब दुवैले गरेका छन्। आफूले भिडमा गोली चलाएको भए अझ बढी हताहती हुने थियो र स्थिति झन खस्कने थियो भनी प्रहरीले दाबी गरे।

पहाडी समुदायविरुद्धको आक्रमण मोहित खाँको मृत्युको सीधा प्रतिक्रियास्वरूप मधेशी समुदायका सदस्यहरूद्वारा उक्साइएको देखिन्छ (चन्द्रौटा, कृष्णनगरमा जस्तो) र केही घटना (देवीपुर)मा विगतको बदला लिन भएको देखिन्छ। उच्चायुक्तको कार्यालयद्वारा लिइएका जानकारीले आपराधिक तत्त्व तथा लोकतान्त्रिक मुक्ति मोर्चाका व्यक्तिगत सदस्यहरूलगायत *प्रतिकार समिति*का पूर्व सदस्यहरूले उनको मृत्युबाट फाइदा उठाएको र पहाडीविरुद्धको आक्रमणलाई उक्साउन सजिलो भएको कुरा जनाउँदछ।[१९] मधेशीविरुद्धको आक्रमण पहाडीमाथि भएको आक्रमणको बदला लिन भएको देखिन्छ।

*हत्या*

प्रहरी, एवं सञ्चारमाध्यम, ले सुरुमा हिंसाको परिणामस्वरूप ३० जनासम्मको मृत्यु भएको बताएका थिए।[२०] हिंसा भएपछिको तत्कालको अवस्थामा, न त प्रहरी न त सञ्चारमाध्यम, नागरिक समाज तथा अन्य सङ्गठनका प्रतिनिधिहरू नै प्रभावित गाउँहरूमा पुग्न सके। यसको यस्तो दुर्भाग्यपूर्ण असर पर्‍यो कि छापामा आएका अधिकांश जानकारी हल्लामा आधारित थिए। होसियारीपूर्ण प्रमाणीकरणपछि उच्चायुक्तको कार्यालयले १४ जनाको, सबै कपिलवस्तुमा, हत्या भएको पुष्टि गर्‍यो। सुरुमा योभन्दा ठूलो सङ्ख्यामा हत्या भएको बताएपछि, प्रहरीले सार्वजनिकरूपमा आफ्नो भनाइ फिर्ता लियो र १४ जना मारिएको ठहर गर्‍यो।

उच्चायुक्तको कार्यालयको निष्कर्षअनुसार, मारिएका १४ जनामध्ये दसजना पहाडी थिए र चारजना मधेशी थिए। दसजना पहाडी हिंसा भएकै पहिलो दिन भदौ ३० गते मारिएका थिए – एकजना चन्द्रौटामा (साधा पोसाकमा सप्रबका एक अधिकारी), छजना बिसनपुर गाविसको देवीपुरमा, एकजना खुरुरिया गाविसको छुटपट्टिमा, एकजना गणेशपुर गाविसको मानपुरमा र ११ वर्षीय एक बालक बिजुलीको करेन्ट लागी कृष्णनगरमा। मोहित खाँको हत्याबाहेक, तीनजना मधेशीलाई पत्थरदैया गाविसको जगदीशपुरमा असोज ३ गते मारियो।

यस्तो देखिन्छ कि केही निश्चित व्यक्तिहरूले राजनीतिक गुनासाहरूलाई समाधान गर्न स्थितिबाट फाइदा उठाए। कम्तीमा नौवटा घटनामा मारिएकाहरूलाई जानीजानी निसाना बनाइएको कुरा उच्चायुक्तको कार्यालयका अनुसन्धानहरूले जनाउँछन्।[२१] अन्य हत्याका सम्बन्धमा पीडितहरू केवल गलत समयमा गलत ठाउँमा थिए।[२२]

*छिमेकी जिल्लाहरूमा फैलावट*

---

[१८] प्रत्यक्षदर्शीका बयानअनुसार

[१९] धेरै प्रत्यक्षदर्शीले आक्रमणकारीहरूमध्ये लोकतान्त्रिक मुक्ति मोर्चाका सदस्यहरूलाई आफूले चिनेको कुरा बताए।

[२०] जिप्रकाका प्रहरी अधिकारीहरूले मृत्यु सङ्ख्या २२ पुग्यो भनी उच्चायुक्तको कार्यालयलाई असोज ३ गते जानकारी गराएका थिए।

[२१] देवीपुरमा मारिएका छजनामध्ये (सबै पहाडी) कम्तीमा चारजना गाउँमा प्रतिष्ठित व्यक्ति थिए र छिमेकी जिल्लासँग भएको लामो समयदेखिको भूमि विवादका कारण उनीहरूलाई लक्ष्यित गरिएको देखिन्थ्यो। एउटा अर्को घटनामा, छुटपट्टिमा भदौ ३० गते मारिएका एक पहाडीलाई नेकपा (माओवादी)सँग भएको नजिकको सम्बन्धका कारण लक्ष्यित गरिएको विश्वास गरिन्छ। उनलाई पहिला *प्रतिकार समिति*का सदस्यहरूद्वारा धम्क्याइएको थियो। माथि व्याख्या गरिएझैं जगदीशपुरमा मारिएका तीन मधेशीहरूलाई एक्ल्याइएको आरोप लगाइएको छ।

[२२] चन्द्रौटामा भदौ ३० गते साधा पोसाकमा मारिएका सप्रबका प्रहरी र कृष्णनगर बजारको लुटपाट गरिएको एउटा पसलमा बिजुलीको करेन्ट लगाई मारिएका बालक।

यस प्रतिवेदनमा अगाडि उल्लेख गरिएझैं कपिलवस्तुको हिंसा त्यस जिल्लामा सीमित रहेन। खासगरी छिमेकी जिल्लाहरू दाङ र रूपन्देहीका मुसलमानहरूको बढी आबादी भएका क्षेत्रहरूमा यसको केही असर पर्‍यो।[२३] कपिलवस्तुमा पहाडीहरूविरुद्ध भएका आक्रमणको प्रतिशोध भदौ ३० गते सुरु भयो, जब रूपन्देही जिल्लाको बुटवल सहरमा दुईवटा मस्जिद र मुसलमानको एउटा पसलमा आक्रमण गरियो र दाङ जिल्लाको लालमाटिया गाविसको भालुबाङ गाउँको एउटा मस्जिद तोडफोड गरियो।

**बुटवलमा**, दिउँसो ११:४५ बजेतिर २००–३०० जना मानिस चन्द्रौटातिरबाट तीनवटा ट्रकमा आए र सहर प्रवेश गर्ने सडकको ठीक तल रहेको मुख्य मस्जिद राजा–इ–मुस्ताफामा आक्रमण गरे। आक्रमणकारीहरूले मस्जिदलाई गम्भीररूपमा क्षति पुर्‍याए र त्यहाँभित्रका सामान तथा इस्लाम धर्मका पुस्तकहरूमा आगो लगाए। मस्जिदको हाताभित्रका मानिसहरू भागेर छतमा गए र कोही पनि घाइते भएनन्। सो मस्जिदसँगैको घर पनि आक्रमणकारीहरूले ध्वस्त पारे, दोस्रो मस्जिदमा तोडफोड गरे र मुख्य सडकमा रहेका दुईवटा मुसलमानका पसलहरूमा आगो लगाउन खोजे।[२४]

मध्यान्ह करिब १२ बजे बुटवलको नेप्रलाई मस्जिदमा भएको आक्रमणबारे सतर्क गराइयो र यसलाई त्यहाँ पुग्न २५ मिनट लाग्यो। प्रहरी पुलसम्म आयो जहाँबाट तल्तिर मस्जिद देखिन्छ तर त्यसलाई साम्य पार्न हस्तक्षेप नगरेको कुरा केही प्रत्यक्षदर्शीहरूले बताए। चन्द्रौटास्थित सप्रबलाई थप बल दिन बुटवलस्थित सप्रबलाई पठाइएको थियो तर सडक बन्द गरिएकाले यो फर्कियो। त्यसपछि, त्यहाँ रहेका प्रहरीहरूलाई थप मद्दत गर्न भैरहवाबाट सप्रबका थप अधिकारीहरू र बुटवलस्थित प्रहरी प्रतिष्ठानबाट नेप्रका नयाँ भर्तीवालहरूलाई पठाइयो। थप घटना हुन नदिन मस्जिद नजिकै मुसलमान क्षेत्रका लागि सप्रब/नेप्रको एउटा टोली खटाइएको थियो। जिल्ला प्रशासन कार्यालय (जिप्रका)ले बुटवलमा अपरान्ह १२:३० बजे कर्फ्यु जारी गर्‍यो, जुन असोज १ गते हटाइयो।[२५]

कपिलवस्तुमा पहाडीविरुद्ध भएका हिंसाबारे हल्ला **दाङ** जिल्लामा फैलियो र यसले मुसलमान समुदायविरुद्धको आक्रमणलाई झन चर्कायो। भदौ ३० र असोज ४ गतेका बीच १५० जनाजति अपरिचित - मुख्यतः गैरमुसलमान - मानिसका समूहद्वारा पाँचवटा गाविस र एउटा नगरपालिकामा कम्तीमा चारवटा मस्जिद, तथा मुसलमानका १२ वटा घरहरू र/वा १३ वटा पसल छानीछानी लुटिए, तोडफोड गरिए र आगो लगाइए। असोज ३ गते चैलाही गाविसको लमहीमा एउटा मस्जिदमा क्षति पुर्‍याइयो र एउटा पसलका सामानहरू लुटिए तथा जलाइए। त्यसै दिन सिसनिया गाविसको बागवानपुरमा (जहाँ सबैभन्दा गम्भीर क्षति भएको थियो) सातवटा घर तथा एउटा मस्जिद लुटपाट गरिए र जलाइए। असोज ४ गते तुलसीपुर बजार क्षेत्रमा दसवटा पसल र दुईवटा आवासीय भवनमा लुटपाट र तोडफोड गरियो तथा श्रीगाउँ गाविसको बगर गाउँमा तीनवटा घर तथा एउटा मस्जिद लुटपाट र तोडफोड गरिनुका साथै दुईवटा पसलका सरसम्पत्ति जलाइए।

कपिलवस्तुको हिंसाले गर्दा दाङस्थित लगभग सबै मुसलमान समुदाय विस्थापित भए र करिब ९०० जना सुरक्षाफौजको संरक्षणमा गए। उच्चायुक्तको कार्यालयले अपुष्ट सङ्ख्याका मुसलमान र पहाडी दुवै समुदाय छिमेकी जिल्ला वा भारत गएका रिपोर्टहरू पनि प्राप्त गर्‍यो।

सन् २००८ को मध्य जनवरीसम्ममा दाङ जिल्लाका विस्थापित मुसलमानहरूमध्ये अधिकांश आफ्ना गाउँ फर्किसकेका थिए र त्यहाँ मुसलमान तथा पहाडी समुदायबीच कुनै पनि तनाव थिएन।

रूपन्देही र दाङ जिल्लामा कपिलवस्तुमा जस्तो स्थिति खस्केन र राज्यअधिकारीहरू बढी प्रतिक्रियात्मक भएको देखिन्छ। तर, उच्चायुक्तको कार्यालयले मस्जिदहरूमा आक्रमण हुँदा प्रहरी पर्याप्तरूपमा सकारात्मक हस्तक्षेप गर्न विफल भएको, पक्राउ र थुना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअनुरूप नभएको र गरिएका अपराधहरूको उचित तरिकाले अनुसन्धान गर्न प्रहरी विफल भएको भन्ने आरोपहरू प्राप्त गर्‍यो।

---

[२३] दाङका सञ्चारमाध्यमले कपिलवस्तुमा मुसलमानहरूले पहाडीलाई आक्रमण गरेको कुरा बताएका थिए।

[२४] प्रत्यक्षदर्शीका बयानअनुसार

[२५] सामान्यतया रूपन्देहीका अधिकारीहरूका विरुद्ध अलिक कम उजुरीहरू परेका थिए र उच्चायुक्तको कार्यालयका निष्कर्षहरूले तिनले हिंसाको बढी कुशलतापूर्वक प्रतिक्रिया दिएको कुरालाई समर्थन गर्दछन्।

*आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू (आईडीपी) र मानवीय राहत*

प्रभावित गाउँ तथा नगरका हजारौं बासिन्दाहरू आफ्ना घर छाडेर भागे र विभिन्न स्थानमा जम्मा भए। कपिलवस्तुमा अनुमानित ६,०००–८,००० व्यक्तिहरू जिल्लाको उत्तरतर्फ भागे जहाँ स्थानीय आबादी अत्यधिक मात्रामा पहाडीको छ। यीमध्ये एक तिहाइ आफ्ना परिवारजनहरूसँग बस्न गए भने बाँकी अनुमानित ४,००० ले आईडीपी शिविरमा आश्रय लिए। विस्थापित मधेशीहरूमध्ये बहुसङ्ख्यक दक्षिणतर्फ सीमापारि भारततर्फ लागे।[२६]

विस्थापितहरूको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी नेपाल राज्य र स्थानीय अधिकारीहरूमा रहेको हुन्छ; तैपनि रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी), नेसनल रेडक्रस सोसाइटी (एनआरसीएस), संयुक्त राष्ट्रसङ्घ (यूएन) तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरू (आईएनजीओ) लगायतका मानवीय सहायता संस्थाहरूले स्थितिको मूल्याङ्कन गर्न तथा विस्थापित र प्रभावित गाउँहरूलाई राहत र सहायता उपलब्ध गराउन तत्काल प्रतिक्रिया दिए। प्रजिअले मानवीय सहायता समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओचा)को सहयोगमा पीडितहरूलाई राहत सहज बनाउन राहत समन्वय बैठकहरूको आयोजना गरे। आईडीपी शिविरहरू चन्द्रौटाका विद्यालयहरूमा, वीरपुर गाविस, सुन्दरीडाँडा र मगरगट्टा, शिवगढी गाविस र पछि पत्थरदैया गाविसको शङ्करपुरमा स्थापना गरिएका थिए।[२७]

आईडीपी शिविरहरूको सुरक्षा सुरुमा विस्थापितद्वारा नै गरियो र यसमा राति नियमितरूपमा गरिने गस्तीहरू पर्दथे। दुई/तीन दिनपछि, नेकपा (माओवादी)सँग आबद्ध योङ्ग कम्युनिष्ट लीग (वाईसीएल) पनि सक्रियरूपमा गस्ती नगरे पनि उपस्थित भयो। वाईसीएलको उपस्थितिले थप सुरक्षाको अनुभूति दिएको कुरा विस्थापितहरूले बताए। पछि, नेप्र तथा सप्रबद्वारा सुरक्षा उपलब्ध गराइयो।

वाईसीएल पनि शङ्करपुर आईडीपी शिविरको व्यवस्थापनमा संलग्न भयो र यसले केही मानवीय सहायता (लत्ताकपडा, भोजन र भौतिक सहायता) उपलब्ध गरायो वा वितरण गर्‍यो। नेकपा (माओवादी)का अनुसार, यस पार्टीले विस्थापितको स्थितिका सम्बन्धमा अन्य राजनीतिक दलहरूलाई संलग्न गराउन खोज्यो तर नेकपा (माओवादी) आईडीपी शिविरहरूमा सुरुदेखि नै निरन्तरको उपस्थिति जनाउने एकमात्र राजनीतिक दल रह्यो। उच्चायुक्तको कार्यालयले शिविरमा वाईसीएलको उपस्थितिको विरोध गरेको स्थानीय जनताबाट कुनै पनि बयान पएन। तर, केही छलफलमा भाग लिनेहरूले विस्थापितहरूको राजनीतीकरण गरिएकोमा चिन्ता व्यक्त गरे।

कपिलवस्तुका प्रजिअ, राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारवादी तथा पत्रकारहरूको असोज ७ गते भएको बैठकमा विस्थापितलाई शङ्करपुर आईडीपी शिविरमा लैजानुभन्दा अघि उनीहरूलाई चन्द्रौटाबाट सुन्दरीडाँडास्थित शिविरमा अस्थायीरूपमा स्थानान्तरण गर्ने निर्णय गरियो। प्रजिअले स्थानान्तरण स्वैच्छिक हुने तथा चन्द्रौटामै बस्न चाहने विस्थापितहरूले पनि सहायता पाउने कुरामा जोड दिए।[२८] तर, विस्थापितहरूलाई स्थानान्तरण गर्ने निर्णय लिनुभन्दा अघि उनीहरूसँग कुनै पनि परामर्श नभएको र विस्थापितलाई त्यहाँको स्थितिबारे बताउन राज्यअधिकारीहरूद्वारा कुनै पनि प्रयास नगरिएको उच्चायुक्त कार्यालयले पायो।

उच्चायुक्तको कार्यालय, ओचा र आईसीआरसीलगायतका निकायहरूले विस्थापितहरूलाई थप आक्रमण हुने खतराको अर्थमा कम सुरक्षित मानिएका ठाउँमा सार्ने सम्बन्धमा जिल्लाका सरकारी अधिकारीहरूसमक्ष चिन्ता व्यक्त गरे। अनुमानित १४५ परिवारले चन्द्रौटा छोडने कुराको प्रतिरोध गरे र महेन्द्र राजमार्गमा पर्ने दुईवटा ठाउँ बर्कलपुर तथा बाणगङ्गामा एकपक्षीयरूपमा बसे। सन् २००८ अप्रिलसम्ममा राजमार्ग छेउका अधिकांश विस्थापितहरू कपिलवस्तु जिल्लाको गोरुसिङ्गे–सन्धिखर्क राजमार्गमा पर्ने गोरुसिङगे

---

[२६] प्रत्यक्षदर्शीका बयानअनुसार, सबैले गाउँ छाडेका थिएनन्। मानपुर, बिसनपुर, डार्कास, बाणगङ्गा, गोरुसिङ्गे, तुरुन्तपुर र बिजादहीका बासिन्दाहरू पछि नै रहे।

[२७] अक्टोबरको सुरुसम्ममा, सो क्षेत्रका विभिन्न आईडीपी शिविरहरूमा पहिला छरिएर रहेका विस्थापितहरू शङ्करपुर शिविरमा सारिए। सो स्थान अझ बढी कुशल मानवीय सहायतालाई सहज बनाउन राजनीतिक दलहरू र जिल्ला प्रशासन कार्यालयद्वारा पहिचान गरिएको थियो र उक्त ठाउँ सामान्यतया बढी उपयुक्त ठानिएको थियो।

[२८] स्थानान्तरणका व्यावहारिक पक्षहरूलाई सप्रब र वाईसीएलद्वारा सहज बनाइएको थियो।

नजिकको वनक्षेत्रमा सरिसकेका थिए जहाँ उनीहरू राज्यअधिकारीहरू वा नागरिक समाजको सहयोग नपाएर निम्नस्तरको जीवन यापन गरिरहेका छन्।

सन् २००७ डिसेम्बरको अन्तिम साता तथा सन् २००८ जनवरीको सुरुमा शङ्करपुर शिविरबाट कैयौं विस्थापित परिवारहरू आफ्ना घर फर्के र अनुमानित ८२ परिवार बाँकी रहे, जसले सन् २००८ अप्रिलमा असुरक्षाका कारण आफ्ना गाउँ फर्कन नचाहेको कुरा उच्चायुक्तको कार्यालयलाई बताए।

उच्चायुक्तको कार्यालयले सयौं, सायद हजारौं, मानिसहरू – अधिकांश मधेशी – भागेर सीमापारि गएका रिपोर्टहरू प्राप्त गर्‍यो। तर, भारतमा रहेका यी शरणार्थीहरूको सङ्ख्या र स्थितिबारे भरपर्दो पुष्टि प्राप्त गर्न ज्यादै गाह्रो भयो। तीमध्ये अधिकांशलाई भारतमा रहेका परिवारजनले आवास तथा अन्य सहायता उपलब्ध गराएको देखिन्छ।[२९]

भारतीय राज्यअधिकारीहरू, नेपालका राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज तथा नेप्रले विस्थापित मधेशीहरूको फिर्तीलाई प्रोत्साहन गर्न असोज ७ गते भारतीय सीमामा एक बैठकको आयोगजना गर्‍यो। परिणामस्वरूप, असोज ९ गते ५०० विस्थापित मधेशी कपिलवस्तुका आफ्ना घरमा प्रहरीको सुरक्षामा भारतबाट फर्के। अक्टोबर महिनाको पहिलो सातासम्म अरू ठूला फिर्तीहरू भए तथा सन् २००८ जनवरीको अन्त्यसम्ममा हिंसामा संलग्न भएको आरोप लगाइएका कारण पक्राउको डर भएका प्रभावशाली राजनीतिक गण्यमान्य व्यक्ति, जमिन्दार र अन्य व्यक्तिलगायत अधिकांश मधेशीहरू नेपाल फर्केका थिए। तर, हिंसाको सन्दर्भमा आरोप लगाइएका केही व्यक्तिहरू फर्किएका छैनन्।

## ५. राज्यको प्रतिक्रिया

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत राज्यसँग आफ्नो भूभागभित्र रहेका वा क्षेत्राधिकारभित्र पर्ने सबै व्यक्तिको बाँच्न पाउने तथा वैयक्तिक सुरक्षालगायतका अधिकारको सम्मान, संरक्षण गर्ने तथा प्राप्ति गराउने दायित्व हुन्छ। आपराधिक कार्यद्वारा मानिसलाई बाँच्नबाट वञ्चित गर्ने कार्य हुन नदिन तथा त्यस्तो गरेमा सजाय दिने उपायहरू अवलम्बन गर्ने यस जिम्मेवारीमा पर्दछन्। राज्यलाई आफ्नो कर्तव्य पूरा गर्न सघाउँदा कानुन पालना गराउने अधिकारीले यस्ता कार्यविरुद्ध सबै व्यक्तिको संरक्षण, मानव मर्यादाको सम्मान तथा संरक्षण र सबै मानिसको मानवअधिकारको पक्षपोषण गर्नैपर्छ।[३०]

नेपाली कानुनअन्तर्गत राज्यसँग कानुन, व्यवस्था तथा शान्ति कायम राख्ने र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने जिम्मेवारी हुन्छ।[३१] जिल्ला तहमा व्यवस्था, शान्ति तथा सुरक्षा कायम राख्नमा प्रजिअ जिम्मेवार हुन्छन्।[३२] नेप्रसँग अपराध हुन नदिने कर्तव्य रहेको हुन्छ[३३] र शान्ति भङ्ग गर्ने कार्य वा दङ्गा नियन्त्रणमा सप्रबलाई परिचालन गर्न सकिन्छ।[३४] कानुन र व्यवस्था कायम राख्ने कार्यमा नेप्र तथा सप्रबको भूमिका सम्झौतामा स्वीकारिएको छ।

कपिलवस्तुमा भएको हिंसाप्रति प्रतिक्रिया दिने सम्बन्धमा जिल्लास्तरका राज्यअधिकारीहरूले कठिन निर्णयहरूको सामना गर्नुपरेको थियो। बलको अत्यधिक प्रयोगबारे पहिले भएको आलोचनाका कारण आफूहरू त्यहाँ गरेको भन्दा बढी बलको प्रयोग गर्न अनिच्छुक भएको सप्रब तथा नेप्र दुवैका प्रहरी अधिकारीहरूले उच्चायुक्तको कार्यालयलाई बताए। तर कानुनी आधार भएको अवस्थामा पर्याप्त

[२९] सीमापार गर्ने मानिसको सङ्ख्या १२–१५,००० सम्म भएको मानिन्छ।

[३०] कानुन पालना गराउने अधिकारीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय आचार संहिता

[३१] अन्तरिम संविधान २०६३

[३२] स्थानीय प्रशासन ऐन २०२८

[३३] प्रहरी ऐन २०१२

[३४] सशस्त्र प्रहरी ऐन २०५८

बलको प्रयोग नगरेमा पनि मानवअधिकार उल्लङ्घन बन्छ – जस्तो, उदाहरणार्थ, सो नगरी कसैको ज्यान गएमा – भन्ने कुरालाई पनि ध्यानमा लिइनुपर्दछ।

हिंसा एकाएक भड्केको अवस्थामा कानुन पालना गराउनेहरूको प्रतिक्रियामा भएका कमीकमजोरी, शङ्कित व्यक्तिहरूलाई पक्राउ गर्ने र थुन्ने क्रममा गरिएका वा छुटेका कार्यमा र हिंसाका क्रममा गरिएका गम्भीर अपराधको अनुसन्धान गर्नमा भएको विफलताका सन्दर्भमा मानवअधिकार उल्लङ्घनहरू गरिएका थिए भन्ने उच्चायुक्तको कार्यालयले पायो। कपिलवस्तुमा भएको हिंसाप्रति देखाइएको त्रुटियुक्त प्रतिक्रियाले भिड नियन्त्रण तथा आपतकालीन परिस्थितिहरूलाई कसरी झेल्ने भन्नबारे कपिलवस्तुको जिल्ला सुरक्षा समिति (जिसुस)[३५]लाई गृह मन्त्रालयबाट स्पष्ट निर्देशन तथा कार्यसञ्चालनको मानक कार्यविधि नआएको देखाउँछ। यस्तो प्रकृतिका आपतकालीन परिस्थितिलाई सम्बोधन गर्न कपिलवस्तुको जिल्ला सुरक्षा समितिसँग आकस्मिक योजना भए-नभएको थाहा भएन तर जे भए पनि सो योजना प्रभावकारी ढङ्गले कार्यान्वयन गरिएन भन्ने पनि यसले देखाउँछ।

कपिलवस्तुमा सुरक्षाफौजको प्रतिक्रियामा भएका कमजोरीहरूले राज्यले देशका सबै भागमा प्रभावकारी कानुन कार्यान्वयन गर्ने आफ्नो क्षमतालाई सबल बनाउनुपर्ने जरुरी आवश्यकताबारे स्मरण गराउँछ। यस हिंसाले कपिलवस्तु जिल्लामा तनावका मूलभूत कारणहरूलाई सम्बोधन गर्ने आवश्यकतामाथि जोड दिएको छ, विशेषगरी *प्रतिकार समिति*लाई विघटन गर्न र तिनका सदस्यहरू, जो ती समिति औपचारिकरूपमा भङ्ग भए तापनि हिंसाको योजना गर्न र उक्साउन सक्ने अवस्थामा थिए, लाई निशस्त्र गर्न तथा सो क्षेत्रमा राज्यद्वारा स्वीकृत बस्तीहरूका कारण विभिन्न समुदायबीच उत्पन्न भूमिसम्बन्धी तनावलाई सम्बोधन गर्न।

*कानुन पालना गराउनेहरूको प्रतिक्रिया*

कपिलवस्तुमा एकाएक भड्केको हिंसाप्रति प्रजिअ, नेप्र र सप्रबलगायतका सुरक्षाफौज पर्याप्तरूपमा समयमै प्रतिक्रिया दिन विफल भएको कुरा उच्चायुक्तको कार्यालयको अनुसन्धानले देखाउँछ। सो जिल्लामा भित्रभित्रै रहेको तनावलाई हेर्दा मोहित खाँको मृत्युपश्चात् भएको शीघ्र तथा हिंसात्मक प्रतिक्रियालाई अधिकांश पर्यवेक्षकहरूले आश्चर्य मानेनन्। तर यस हिंसाका गति र मात्रालाई झेल्न जिल्ला प्रशासन तैयार नभएको जस्तो देखियो। कपिलवस्तुको जिसुस[३६]भित्रको निर्णय गर्ने प्रक्रियाबारे अन्तर्विरोधी जानकारी आएको छ। प्रजिअले कर्फ्यु घोषणा गर्नुभन्दा अगाडि स्थिति नियन्त्रणमा लिन सप्रबको प्रउलाई फौज तैनाथ गर्ने आदेश दिए तर कर्फ्यु घोषणा नभएसम्म सप्रब तैनाथ हुन अनिच्छुक रहेको भन्ने कुरा उच्चायुक्तको कार्यालयद्वारा लिइएका जानकारीले सङ्केत गर्दछ। तर के कस्ता उपायहरू अपनाउनुपर्छ भन्नेबारे छलफल गर्नका निम्ति आफूले भदौ ३० गते ०९:३० बज्नु अगाडि नै प्रजिअलाई फोन गरेको र प्रजिअले स्थितिको मूल्याङ्कन गर्न चाहेकाले सप्रब आदेशबिना तैनाथ भयो भनेर सप्रबका एक वरिष्ठ अधिकारीले उच्चायुक्तको कार्यालयलाई जानकारी गराए। अन्तमा हिंसा भड्केको चार घण्टाभन्दा बढी समयपछि अपरान्ह १:३० बजे प्रजिअले प्रभावित क्षेत्रहरूमाथि २४ घण्टाको कर्फ्यु लगाए। एक हप्तासम्म कर्फ्यु लागू गरियो र त्यसपछिका साताहरूमा बिस्तारै कम गर्दै अन्तमा असोज २३ गते कर्फ्यु हटाइयो।

गतिविधिहरूको समन्वय गर्न पोखरास्थित पश्चिमाञ्चल क्षेत्रका प्रधान कार्यालबाट क्रमशः सप्रब र नेप्रका नायब प्रहरी महानिरीक्षक (नाप्रम) असोज १ गते चन्द्रौटा गएका थिए। हिंसा प्रभावित क्षेत्रमा सुरक्षा स्थितिका सम्बन्धमा समन्वय र निरीक्षण गर्न काठमाडौंस्थित प्रहरी प्रधान कार्यालयबाट आफूलाई खटाइएको भनी क्रमशः सप्रब र नेप्रका प्रहरीका अतिरिक्त महानिरीक्षक (अप्रम) ले असोज २ गते उच्चायुक्तको कार्यालयलाई जानकारी गराए। सो पहिलो सातामा नेप्र र सप्रबका प्रयासहरू मारिएका व्यक्तिका शवको सङ्कलन गर्ने कार्यमा केन्द्रित रहे। ती शव गाउँहरूमा केही दिनसम्म बाहिरी वातावरणको सम्पर्कमा आएर आंशिक रूपमा

[३५] प्रजिअ जिल्ला सुरक्षा समितिका अध्यक्ष हुनुका साथै शान्ति, व्यवस्था र सुरक्षाका लागि जिम्मेवार हुन्छन्।

[३६] कपिलवस्तुमा भएको हिंसाको प्रतिक्रिया दिने प्रारम्भिक चरणमा जिल्ला सुरक्षा समितिका सदस्यहरूले लिइनुपर्ने उपायहरूबारे छलफल गर्न भेटे कि भेटेनन् भन्ने कुरा अस्पष्ट छ।

कुहिएका थिए र परिवारले सनाखत गरेपछि *शवपरीक्षण*[३७] नगरी सुरक्षाफौजद्वारा गाडिए। मारिएका १४ जनामध्ये छजनाको मात्रै *शवपरीक्षण* गरिएको भन्ने कुरा उच्चायुक्तको कार्यालयले पुष्टि गर्‍यो।[३८]

तनावलाई शान्त पार्न तत्काल सक्रिय हुन उच्चायुक्तको कार्यालय र अन्मिनले दिएको सल्लाहका बाबजुद प्रजिअ तथा राजनीतिक दलका स्थानीय प्रतिनिधिहरूलगायत निजामती प्रशासनका अधिकारीहरूले हिंसा भड्केको कैयौं दिनसम्म कुनै पनि प्रभावित क्षेत्रको भ्रमण गरेनन्। प्रभावित क्षेत्रमा, विशेषगरी त्यहाँका गाउँहरूमा, प्रहरी पुग्न धेरै ढिलो भयो र धेरै दिनसम्म यसले कुनै पनि प्रमाणित जानकारी प्राप्त गर्न सकेन जसबाट अन्योल उत्पन्न भयो र खास के भएको थियो भन्नेबारे अनिश्चितता बढायो।[३९] के भएको थियो भन्नेबारे नेप्रसँग सही जानकारी नभएको कुरा उच्चायुक्तको कार्यालयलाई प्रस्ट थियो।

उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका व्यक्तिहरूबाट हिंसाप्रतिको प्रहरीका प्रारम्भिक प्रतिक्रियाबारे एकनासको आलोचना व्यक्त गरिएको थियो। आफूले मोहित खाँको हत्याबारे सुन्नेबित्तिकै हिंसा भएमा प्रहरीको तैयारी अवस्था कस्तो छ भन्नेबारे सोधपुछ गर्नका निम्ति प्रहरीलाई फोन गरेको वा नेप्र या सप्रबकहाँ गएको कुरा सर्वाधिक प्रभावित ठाउँका पीडितहरूले उच्चायुक्तको कार्यालयलाई रिपोर्ट गरे। थुप्रै घटनामा, मोहित खाँको मृत्युमा तत्काल तथा हिंसात्मक प्रतिक्रिया हुने खतरालाई प्रहरीले गम्भीररूपमा नलिएको वा प्रतिक्रिया कसरी दिने भन्ने सम्बन्धमा प्रहरी अनिच्छुक वा दोधारमा थियो भन्ने उनीहरूलाई लागेको थियो।[४०]

प्रहरी र प्रजिअले चेतावनी र हिंसाका रिपोर्टहरूप्रति अझ छिटो प्रतिक्रिया दिएका भए मारिएका मानिसहरूको सङ्ख्या तथा हिंसाको प्रकृतिसम्बन्धी लगायतका सुरुका सामान्य अन्योललाई टार्न सकिन्थ्यो (उदाहरणार्थ, बलात्कारका हल्ला जो पछि झुठो ठहरिए।)। कपिलवस्तुका खैरे र जगदीशपुर एवं दाङमा हल्लाले चर्काएका प्रतिकारात्मक आक्रमणलाई पनि रोक्न सकिन्थ्यो होला।

कृषि राज्यमन्त्री तथा नेकपा (माओवादी)का केन्द्रीय समितिका सदस्यसहित गृहमन्त्रीले स्थितिको मूल्याङ्कन गर्न तथा राज्यअधिकारी, पीडितका प्रतिनिधि, मानवअधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि तथा नागरिक समाजका अन्य प्रतिनिधिहरूसँग भेट गर्न असोज ४ गते बुटवल र तौलिहवाको भ्रमण गरे। असोज ५ गते गृहमन्त्री चन्द्रौटास्थित सप्रबको शिविरमा आइपुगे। शिविरबाहिर भेला भई गृहमन्त्रीसँग कुरा गर्न चाहने मानिसहरूको एउटा ठूलो भिडलाई प्रहरीले हवाईफायर गरी तितरबितर पार्‍यो। तर, असुरक्षाका कारण गृहमन्त्री सप्रबको शिविरभित्रै बसे र उनले प्रभावित गाउँहरूको भ्रमण गरेनन्।

ढिलो प्रतिक्रिया दिएकोमा कपिलवस्तुका प्रजिअ तथा चन्द्रौटास्थित सप्रबका प्रहरी उपरीक्षक (प्रउ)लाई व्यापकरूपमा दोष लगाइएको थियो। गृहमन्त्रीले सप्रबका प्रउ तथा प्रजिअको सरुवाको आदेश दिएर हिंसापछि भएको प्रजिअ र प्रहरीको सार्वजनिक आलोचनाको प्रत्युत्तर दिए।[४१] सरुवाको कारणबारे कुनै जानकारी उपलब्ध गराइएन तथा उच्चायुक्तको कार्यालयलाई थाहा भएसम्म चेन अफ कमान्डले काम नगरेको हुन सक्नेबारे र प्रजिअ तथा नेप्र र सप्रबका प्रउहरूले स्थितिका सम्बन्धमा पर्याप्तरूपमा तथा समयमै प्रतिक्रिया नजनाएको भन्ने आरोपबारे गृह मन्त्रालय, सप्रब वा नेप्रद्वारा कुनै आन्तरिक जाँचबुझ गरिएन।

कपिलवस्तुमा एकाएक हिंसा भड्किएपछि नेप्र र सप्रबले प्रभावित गाउँहरूमा तथा विस्थापितहरूका शिविरवरिपरि गस्ती गरे। पहिलो सातापछि, नेप्रका विद्यमान प्रहरी चौकीहरूलाई नेप्रका कर्मचारीहरू थपेर र केही अवस्थामा संयुक्त नेप्र/सप्रबका टोलीबाट अझ सबल

---

[३७] प्रहरी स्रोत तथा प्रत्यक्षदर्शीका अन्तर्वार्ताअनुसार

[३८] मारिएका व्यक्तिहरूका परिस्थितिका सम्बन्धमा विस्तृत विवरणका लागि परिशिष्ट हेर्नुहोस।

[३९] सञ्चारमाध्यमले हतारोमा अपुष्ट जानकारी तथा हल्लाहरू प्रकाशित गरे जसले तनावपूर्ण भइसकेको स्थितिलाई अझ खराब गर्‍यो।

[४०] प्रत्यक्षदर्शीका अन्तर्वार्ताहरू

[४१] असोज १ र ५ गते क्रमशः स्थानान्तरण गरिए।

तुल्याइयो।[४२] सुरक्षास्थितिको सामना गर्न अन्य जिल्लाहरूबाट थप नेप्र तथा सप्रबका कर्मचारीहरू ल्याइएको थियो। तेस्रो सातामा, स्थिति केही सामान्य भएपछि प्रहरी उपस्थिति हल्का घटाइयो तर अझै उल्लेख्य मात्रामा राखियो। हिंसापछिको सुरुका सातामा कृष्णनगर तथा चन्द्रौटामा रहेका स्थायी शिविरहरूलाई थप बल प्रदान गर्न सप्रबले पाँचवटा अस्थायी शिविर स्थापना गऱ्यो। नेप्रले अस्थायी संयुक्त सप्रब/नेप्र आधारलाई स्थायी बनाउन आफ्नो मुख्यालयमा एउटा लिखित अनुरोध पठायो।

कपिलवस्तुस्थित स्थानीय राज्यअधिकारीहरूका अनुसार, चैत २८ गतेको संविधानसभाको निर्वाचनमा सुरक्षा सहायता उपलब्ध गराउन सप्रबले माघ २७ गते तीनवटा अस्थायी शिविर झिकेको थियो। सप्रब हट्नाले सम्पूर्ण क्षेत्रमा सुरक्षा कायम राख्न नेप्रलाई सहायता गर्न दुईवटा मात्र सप्रब शिविर हुनु हो भनी वरिपरिका गाउँका सर्वसाधारणले असुरक्षाको डर व्यक्त गरे। आफूमाथि पुनः आक्रमण हुन सक्ने डरले निर्वाचन अवधिभरि देवीपुर तथा गणेशपुर गाविसका अन्य गाउँका कैयौं मानिसहरू अस्थायीरूपमा चन्द्रौटा सरे। सप्रब त्यहाँ तैनाथ गरिएसम्म गाउँलेहरू सम्भवतः त्यसै क्षेत्रमा बस्नेछन्, तर सुरक्षाफौजलाई हटाएमा गाउँलेहरू थप आक्रमणको डरले छोडेर जाने सम्भावना छ। स्थितिले माग गरेसम्म सप्रब सो क्षेत्रमा रहिरहने कुरा सप्रबका नायब महानिरीक्षकले उच्चायुक्तको कार्यालयलाई बताए।

*पक्राउ तथा थुना*

नेपालद्वारा अनुमोदन गरिएका मानवअधिकार सन्धिहरूलगायत अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत प्रत्येक व्यक्तिलाई स्वेच्छाचारी पक्राउ वा थुनाको भागी नहुने अधिकार छ। पक्राउ परेमा, कुनै पनि व्यक्तिलाई पक्राउ गर्नुको कारणबारे जानकारी दिनैपर्छ र तुरुन्त न्यायिक अधिकारीसमक्ष ल्याइनुपर्छ। प्रत्येक व्यक्तिलाई क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको भागी नहुने अधिकार पनि छ।[४३] नेपालको अन्तरिम संविधानमा यी अधिकारहरूलाई स्वीकारिएको छ।

यी प्रत्येक अधिकार सबै प्रभावित जिल्लामा उल्लङ्घन भएको देखिन्छ। पक्राउहरू स्वेच्छाचारी भएका, पक्राउ गर्न तथा थुनामा राख्न कार्यविधिको अनुसरण नगरिएको तथा थुनुवाहरूमाथि अभद्र व्यवहार भएको भन्ने व्यापक आरोपहरू पनि लगाइएको थियो।

भदौ ३० गते, सोही दिन भएको घटनासँग सम्बन्धित १३ जना शङ्कित व्यक्तिलाई कपिलवस्तु प्रहरीले पक्राउ गऱ्यो। वि.सं. २०६४ पुसको मध्यसम्ममा कुल ५० जना पक्राउ गरिएका थिए र तीमध्ये सबै १६ देखि ५७ वर्षसम्मका पुरुष थिए। पाँचजना भारतीय नागरिकबाहेक सबैजना कपिलवस्तु जिल्लाका थिए।[४४] सन् २००८ अप्रिलसम्ममा १९ जना वयष्क पुरुषहरूलाई अभियोग लगाइएको थियो र तीमध्ये १७ जना पुर्पक्षपूर्वको थुनामा रहेका छन्।[४५]

हिंसाको पहिलो साता भएका अधिकांश पक्राउ सप्रबद्वारा गरिएका थिए। पक्राउ परेका व्यक्तिहरू सुरुमा सप्रब शिविरमा राखिएका थिए तर चार-पाँच दिनपछि तौलिहवास्थित जिप्रकामा सारिए।[४६] सप्रबसँग पक्राउ गर्ने कानुनी अधिकार त छ तर थुन्ने वा सोधपुछ गर्ने अधिकार छैन। न त उनीहरूसँग कानुनीरूपमा स्वीकृत थुनास्थल वा थुनादर्ता पुस्तिका नै छ र यसरी स्वेच्छाचारीरूपमा थुनामा नपर्ने अधिकार तथा उचित प्रक्रियाको अधिकारको उल्लङ्घनलाई प्रोत्साहन गर्ने अवस्था सिर्जना हुन्छ। शङ्कितहरूलाई पक्राउ गरी नेप्रलाई हस्तान्तरण गर्ने सम्बन्धमा सप्रबले पालना गर्नुपर्ने कुनै कार्यसञ्चालनको मानक कार्यविधि छैन। त्यसैले स्थानान्तर गरिएका

---

[४२] घटना भएको एकघण्टापछि गाविसहरूमा खटाइएका सुरक्षाफौजहरू यसप्रकार थिएः २०/२१ नेप्र सुन्दरीडाँडामा, १५ नेप्र बहादुरगन्जमा, १०० नेप्र कृष्णनगरमा, ९० नेप्र चन्द्रौटामा, ७० नेप्र/सप्रब (३५–४० नेप्र) पत्थरदैयामा र ४०–५० नेप्र (१५ नेप्र) ठाकुरपुरामा। गणेशपुरमा प्रहरीको सङ्ख्या त्यति नै रह्यो। यसबाहेक, नेप्र/सप्रबका अस्थायी आधारहरू खडिका, लक्ष्मीपुर–बिसनपुर, देवीपुर–बिसनपुरमा स्थापना गरिए। सप्रबको ३०–४० जना भएको अर्को एउटा आधार डालपुरमा स्थापना गरियो।

[४३] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर), धारा ७

[४४] थुनुवाहरू उत्पत्तिका हिसाबले छ्यासमिस थिए र उनीहरूले आफूलाई मधेशी (दस), पहाडी (दस), मधेशी मुसलमान (पाँच), मुसलमान (एक), भारतीय मुसलमान (एक) र हिन्दु (एक) भनेर चिनाए।

[४५] एकजनालाई हत्याको आरोप लगाइएको थियो र बाँकी १८ जनालाई आगजनी र लुटपाटको आरोप लगाइएको थियो।

[४६] कानुनीरूपमा सप्रबले मानिसहरू पक्रन पाउने भए तापनि उनीहरूले सकेसम्म चाँडो तिनलाई नेप्रसमक्ष बुझाउनुपर्छ।

थुनुवाहरूका सम्बन्धमा, नेप्रले पक्राउ गर्दाको परिस्थितिबारे जानकारी गराउने कुनै पनि कागजात सप्रबबाट प्राप्त नगर्नु आश्चर्यजनक कुरा होइन।

उच्चायुक्तको कार्यालयको अनुसन्धानले पहाडीद्वारा दिइएको मधेशीहरूको नामको सूचीमा आधारित भई प्रहरीले व्यक्तिहरूलाई स्वेच्छाचारीरूपमा पक्राउ गरेको जनाउँछ।[४७] नेपालमा यो प्रचलन असामान्य नभए तापनि, यो कुरा समस्यामूलक रहेको छ र यस घटनामा यसले प्रहरीको निष्पक्षतामाथि मधेशी समुदायको आत्मविश्वास बढाउनमा एकदमै थोरैमात्र काम गऱ्यो। हिंसामा सहभागी भएको भनी शङ्कित करिब १६० जना मधेशीहरूको प्रहरीसँग भएको भनिएको सूचीलाई भागेर भारत गएका मधेशीहरू फर्कन अनिच्छुक रहेको एउटा कारण भएको बताइयो।

केही थुनुवाहरूले पक्रँदा अभद्र व्यवहार भएको बताए। पक्राउ गर्दा सप्रबका कर्मचारीद्वारा आफूहरूलाई थप्पड हानिएको, लात्ती हानिएको वा पाखुरा, खुट्टा र ढाडमा प्लास्टिकको पाइपले कुटिएको थुनुवाहरूले उच्चायुक्तको कार्यालयलाई बताए। चारजना थुनुवाहरूले आफूलाई जिप्रकामा सोधपुछका क्रममा यातना दिइएको बताए।

थुनाको कार्यविधिमा कैयौं अनियमितता भएको उच्चायुक्तको कार्यालयले अवलोकन गऱ्यो। नेपाली कानुनले पक्राउ परेका व्यक्तिहरूले आफूलाई पक्राउ गर्नुपर्ने आधारबारे सूचना वा पत्र प्राप्त गर्नुपर्ने माग गर्दछ। यसले थुनामा परेका व्यक्तिलाई आफूलाई त्यसरी थुनामा राख्नुपर्ने कारणबारे जानकारी दिनुपर्ने माग पनि गर्दछ।[४८] उच्चायुक्तको कार्यालयले असोज ५ गते जिप्रकामा अन्तर्वार्ता लिँदा कुनै पनि थुनुवाले पक्राउ वा थुनुवापुर्जी प्राप्त गरेको थिएन वा कानुनले व्यवस्था गरेको समयसीमाभित्र न्यायिक अधिकारीसमक्ष कसैलाई प्रस्तुत गरिएको थिएन। नेपाली कानुनविपरीत, नेप्रले थुनुवाहरूको नामसहितको सूची तयार पारेको थियो, तर ती नामहरू रोजनामचामा राखेको थिएन। रोजनामचा इन्चार्ज प्रहरी निरीक्षकले थुनुवाहरूलाई अभियोग लगाई अदालत लगेपछि मात्र पक्राउको विवरण अभिलेखन गर्ने उच्चायुक्तको कार्यालयलाई बताए।[४९] एकजनाबाहेक सबै थुनुवाले प्रहरीले वकिलको उपस्थितिबिना आफूहरूलाई सोधपुछ गरेको बताए।

जगदीशपुर र चन्द्रौटास्थित नेप्र/सप्रबको संयुक्त चौकीको भ्रमण गर्दा कुनैले पनि थुनुवाहरूलाई दर्ता गर्ने औपचारिक वा अनौपचारिक अभिलेखनको प्रयोग नगरेको उच्चायुक्तको कार्यालयले पायो। नेप्र तथा सप्रबको कमजोर अभिलेखनका कारण ती दुवै कार्यालयहरूमा पक्राउ परी पछि रिहा गरिएका वा जिप्रकामा हस्तान्तरण गरिएका व्यक्तिहरूबारे थाहा पाउन सम्भव भएन। पक्राउ परेका व्यक्तिहरूलाई सोही दिन स्थानान्तर गरिएकाले उनीहरूलाई दर्ता गर्नुपर्ने आवश्यकता नपरेको कुरा सप्रबका इन्चार्जले बताए। तर, उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका थुनुवाहरूका अनुसार, उनीहरूले कैयौं दिन सप्रबको हिरासतमा बिताए। चन्द्रौटामा, नेप्र निरीक्षकले 'दोषी नपाइएसम्म' शङ्कितहरूलाई दर्ता नगरिएको र त्यस्तो अवस्थामा उनीहरूलाई जिप्रकामा स्थानान्तरण गरिएको र त्यहीं कानुनी कार्यविधि सुरु गरिएको बताए।

सम्भव भएसम्म थुनुवा, विशेषगरी नाबालकहरूका अधिकांश परिवारलाई फोनबाट जानकारी गराइएको नेप्र दाबी गर्दछ। तर जिप्रकामा थुनुवाका परिवारहरूलाई कुनै पनि सम्पर्क गरिएको कुनै अभिलेख थिएन र नेप्रले परिवारहरूको सम्पर्क विवरण उपलब्ध गराउन सकेन। यसका अतिरिक्त, अन्तर्राष्ट्रिय मापदण्डअनुसार, थुनुवाहरूलाई आफू थुनामा परेकोबारे आफ्ना परिवारलाई

---

[४७] स्थानीय मानिसको दबाबमा आएर प्रहरीले निर्दोष मानिसहरूलाई पक्रेको कुरा एक प्रहरी अधिकृतले उच्चायुक्तको कार्यालयसमक्ष स्वीकार गरे। घटनामा संलग्न व्यक्तिका नामहरूको सूची जनसाधारणले प्रहरीलाई उपलब्ध गराएको र नेप्रले त्यही सूचीमा आधारित भएर पक्राउ गरेको जानकारी पनि उच्चायुक्तको कार्यालयले मधेशी तथा पहाडी दुवैबाट प्राप्त गऱ्यो।

[४८] नागरिक अधिकार ऐन (२०१२); सरकारी मुद्दासम्बन्धी ऐन (२०४९); सरकारी मुद्दासम्बन्धी नियमावली (२०५५); मुलुकी ऐनको अदालती बन्दोबस्तीको महल

[४९] थुनुवालाई कसुरको अभियोग लगाएपछिमात्र रोजनामचा प्रयोग गर्ने र कुनै थुनुवालाई रोजनामचामा प्रविष्टी गरेपछि तिनलाई कसुर लगाउनैपर्छ भन्ने स्थापित (कु)चलनलाई प्रहरी निरीक्षक तथा नायब उपरीक्षकले स्पष्टरूपमा प्रयोग गरे।

जानकारी गराउन तत्काल दिनैपर्छ र आफ्ना परिवारलाई भेट्न पाउने सबै मनासिब सुविधा दिनैपर्छ।[५०] बहुसङ्ख्यक थुनुवाहरूले प्रहरीद्वारा आफ्नो परिवारलाई जानकारी नदिइएको, न त उनीहरूलाई जिप्रकामा आफूहरूसँग भेट्न नै दिइएको बताए।

*अनुसन्धान गर्नमा विफलता*
अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत बाँच्न पाउने अधिकार[५१]को सम्मान गर्ने आफ्ना दायित्वअनुसार राज्यसँग कपिलवस्तुमा भएका हत्याहरूको अनुसन्धान गर्नुपर्ने दायित्व रहेको छ र नेपाली कानुनले नेप्रलाई त्यस्ता हत्याहरू तथा अन्य गम्भीर आपराधिक कार्यहरूको अनुसन्धान गर्ने अधिकार दिएको छ।[५२] गृह मन्त्रालयले २०६४ असोज २१ गते हिंसाका क्रममा भएका अपराधका पीडकहरूमाथि कानुनी कारबाही गर्न स्थानीय राज्यअधिकारीहरूलाई आग्रह गर्दै एउटा प्रेस विज्ञप्ति जारी गर्‍यो। तर, हिंसाका क्रममा गरिएका हत्या, आगजनी तथा अन्य कैयौं गम्भीर अपराधका लागि जिम्मेवार भनी आरोपितहरूको जवाफदेहिताका सम्बन्धमा प्रहरी अनुसन्धानले अहिलेसम्म नगण्य काम मात्र गरेको छ।

सन् २००८ अप्रिलसम्ममा कपिलवस्तुमा भएका घटनाहरूका सम्बन्धमा प्रहरीले कुल २५ वटा जाहेरी दरखास्त दर्ता गरेको थियो।[५३] ती जाहेरी दरखास्तमध्ये आठवटा हत्या (केही मोहित खाँलगायत विभिन्न हत्यासँग सम्बन्धित जसले गर्दा पीडितहरूको कुल सङ्ख्या १३ पुग्यो)सँग सम्बन्धित छन्। एउटा जाहेरी दरखास्त हत्याको प्रयास, १२ वटा आगजनी, दुईवटा सशस्त्र डकैती तथा दुईवटा चोरीसँग सम्बन्धित थिए।

कपिलवस्तु जिल्ला अदालतले पाँचवटा मुद्दा दर्ता गरिएको कुरा २०६५ वैशाख ११ गते उच्चायुक्तको कार्यालयलाई जानकारी दियो।[५४] दुईवटा मुद्दा आगजनी तथा दुईवटा डकैती र चोरीका लागि दर्ता गरिएका थिए। यी मुद्दा कृष्णनगर र चन्द्रौटामा भएका घटनाबारे थिए र सम्बन्धित इप्रकाद्वारा दायर गरिएका थिए। सप्रब अधिकारीको हत्यासँग सम्बन्धित एउटा हत्याको मुद्दा इप्रका चन्द्रौटाद्वारा दर्ता गरिएको थियो। नेप्रले कतिपय घटनाहरूलाई समेट्ने गरी सामूहिक जाहेरी दरखास्त दायर गरेकाले ठूलो सङ्ख्यामा घटनाहरूलाई हेर्दा तुलनात्मक रूपमा थोरै मुद्दाहरू दर्ता गरिएको अदालतका एक अधिकारीले माघ ४ गते उच्चायुक्तको कार्यालयलाई बताए।

सबैजसो हत्याका लागि जाहेरी दरखास्त दर्ता गरिएको भए तापनि अनुसन्धान र पक्राउ गर्ने कार्य अत्यन्त मन्द गतिमा भएका छन् र अनुसन्धानलाई तीव्र बनाउन तथा आरोपित पीडकलाई पक्राउ गर्न प्रहरी अनिच्छुक रहेको छ। स्थानीय पर्यवेक्षकहरूका अनुसार, राजनीतिक दललगायतका कतिपय समूहहरूले प्रहरीसमेतका राज्यअधिकारीहरूलाई मुद्दा फिर्ता लिन दबाब दिएकाले र तिनलाई बेवास्ता गर्न प्रहरीलाई कठिन भएकाले स्थानीय सन्दर्भमा कपिलवस्तु घटनाको अनुसन्धान गर्ने कार्य अत्यन्त कठिन रहेको छ। तर, त्यस्ता दबाबका बाबजुद, अनुसन्धान गरेर सार्वजनिक सुरक्षा तथा मानवअधिकार संरक्षणसम्बन्धी आफ्नो दायित्व पूरा गर्ने कर्तव्य कानुन पालना गराउने निकायहरूको हो।

## ६. न्यायिक आयोग र क्षतिपूर्ति

---

[५०] कैदीहरूप्रति गरिने व्यवहारका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय न्यूनतम नियमहरू

[५१] आईसीसीपीआर, धारा ६

[५२] सरकारी मुद्दासम्बन्धी ऐन (२०४९)

[५३] दुईवटा जाहेरी दरखास्त जिप्रकामा, चारवटा चन्द्रौटाको इप्रकामा, आठवटा कृष्णनगरको इप्रकामा र दुईवटा गोरुसिङ्गेको इप्रकामा दायर गरिएका थिए।

[५४] अदालतले मुद्दामा आरोपित सबै व्यक्तिलाई सूचना पठाएको छ। आरोपित व्यक्तिहरू तारिख लिन आएपछि अदालतले सुनुवाईका लागि मिति तोक्छ र उनीहरू आएनन् भने अदालतले पहिलो सुनुवाईका लागि जारी भएको सूचनाको मितिदेखि १०० दिनसम्म कुर्नेछ।

तीनवटा प्रभावित जिल्लामा भएको हिंसासम्बन्धी प्रतिवेदन पेस गर्न एक महिनाको म्याद दिएर सरकारले असोज ३ गते एक तीन-सदस्यीय उच्चस्तरीय न्यायिक आयोगको स्थापना गऱ्यो।[५५] गृह मन्त्रालयका एक अधिकारीका अनुसार, असोज १६ गते कार्य सुरु गरेको आयोगलाई कपिलवस्तु जिल्ला र रूपन्देही जिल्लाको बुटवल क्षेत्रमा भएका घटनाको कारण र प्रभाव तथा त्यहाँ भएको क्षतिको अनुसन्धानका साथै यस्ता घटनामा दोषी पाइएका व्यक्तिहरूविरुद्ध आवश्यक कारबाहीसहितको प्रतिवेदन पेस गर्न कार्यादेश प्राप्त थियो।[५६] यथार्थमा, मूलतः सम्पत्तिको क्षति र विनाशको अभिलेखनमा आयोगले ध्यान केन्द्रित गऱ्यो तथा हत्याका व्यक्तिगत घटना वा चोटपटक हुने गरी भएका शारीरिक आक्रमण वा हत्याबारे अनुसन्धान गरेनन्।

आयोगले सरकारलाई माघ २ गते आफ्नो प्रतिवेदन पेस गऱ्यो। यो प्रतिवेदन सार्वजनिक गरिएको छैन, तर हिंसा 'आपराधिक समूह'द्वारा उक्साइएको र यसको प्रकृति अन्तर-साम्प्रदायिक नभएको निष्कर्षमा आयोग पुगेको कुरा अध्यक्षले उच्चायुक्तको कार्यालयलाई जानकारी गराए। अध्यक्षले आफूले हत्यालगायत हिंसाका पीडकहरूको पहिचान गरेको तथा स्वतन्त्र फौजदारी अनुसन्धानका निम्ति सिफारिस गरेको कुरा उच्चायुक्तको कार्यालयलाई थप बताए। मारिएकाका परिवारहरूलाई उपलब्ध गराइने क्षतिपूर्ति तथा सहायता सम्बन्धमा पनि आयोगले सिफारिस गऱ्यो।

असोज ४ गते बसेको मन्त्रिपरिषद्को आपतकालीन बैठकमा हिंसामा मारिएकाका परिवारहरूलाई तत्काल राहतस्वरूप रु १०,००० दिने तथा घाइतेहरूको औषधी खर्च बेहोर्ने सहमति भएको थियो। शान्ति तथा पुनःनिर्माण मन्त्रालयद्वारा उपलब्ध गराइएको कोषमार्फत् सरकारले हिंसापीडितहरूलाई घर तथा पसलहरूको पुनःनिर्माण गर्न थप क्षतिपूर्ति रकम दिन स्वीकृति प्रदान गऱ्यो। हालसम्म मारिएका १४ जनामध्ये ९ परिवारका प्रत्येकले क्षतिपूर्तिबापत रु ६५,००० प्राप्त गरेका छन्।[५७] घरहरूको पुनःनिर्माण क्यारिटास आयोजना तथा जिल्ला वन कार्यालय र जिल्ला विकास कार्यालयको भौतिक सहयोगमा सुरु भएको छ।[५८] यस प्रयोजनका लागि प्रजिअले केन्द्रीय सरकारबाट सन् २००८ मईसम्ममा रकम प्राप्त गरेका छैनन्।

## ७. समुदायमा विश्वासको पुनर्स्थापना

सर्वसाधारण जनताको संरक्षण गर्न राज्यबाट हुने सकारात्मक हस्तक्षेप कानुन पालना गराउने कुरासँग मात्र सीमित छैनन्। तनावहरू कम गर्नका निम्ति गुनासाहरूलाई सम्बोधन गर्न समुदायबीचको संवादलाई सहज बनाउने कुरा पनि यसमा हुनुपर्छ। समुदायसँग सम्बन्धित विवादका मुद्दाहरूमा सर्वसाधारणले उजुरी गर्नसक्ने वा उपचारात्मक कारबाही गर्नसक्ने आधिकारिक संयन्त्रहरूको जिल्लास्तरमा भएको अभावले पनि यसमा योगदान पुऱ्याएको छ। विवाद समाधान गर्ने यस्ता संयन्त्रहरूको अनुपस्थितिमा ससाना विवादहरूको समाधान गर्न पनि हिंसाको सहारा लिने प्रवृत्ति कपिलवस्तुका केही जनवर्गमा रहेको छ। त्यसबाहेक, उच्चायुक्तको कार्यालयले पश्चिम तराईमा प्रायः आफ्नो कार्यको सिलसिलामा मधेशी जनताबाट उनीहरूविरुद्ध भएका र प्रहरी तथा राज्यका अन्य स्थानीय निकायहरूमा मधेशीहरूको प्रतिनिधित्वको अभावबारे उजुरी प्राप्त गऱ्यो।

गरिबी, भूमिसम्बन्धी मुद्दा, दण्डहीनता र द्वन्द्वसँग सम्बन्धित भित्रभित्रै रहेका तनाव र गुनासाहरूका बाबजुद पहाडी र मधेशी समुदाय दुवैले यो हिंसा हुनुभन्दा अघि शान्तिपूर्वक मिलेर बसेको कुरा उच्चायुक्तको कार्यालयलाई बताए (देवीपुरमा लामो समयदेखिको भूमिसम्बन्धी विवादबाहेक)। पहाडी गाउँमा गाउँलेहरूले सामान्यतया हिंसापीडक र समग्र मधेशी समुदाय अलगअलग हुन् भनेर बुझेका छन्। केही पहाडीहरूले आपराधिक समूह वा *प्रतिकार समिति*मा लागेका खास व्यक्तिहरूसँग मात्र समस्या भएको बताए।

---

[५५] पुनरावेदन अदालतका न्यायाधीश लोकेन्द्र मल्लिक (अध्यक्ष), नेपाल प्रहरीका नाप्रम (डीआईजी) निरज पुन र सह-महान्याधिवक्ता पुष्पराज कोइराला सम्मिलित।

[५६] २०६४ असोज ९ गते गृह मन्त्रालयका अधिकारीसँग भएको टेलिफोन वार्ता।

[५७] बाँकी रहेका परिवारहरूलाई आवश्यक कागजातसहित प्रजिअ कार्यालयमा जान अनुरोध गरिएको छ।

[५८] प्रभावित गाउँहरूमा घरहरूको पुनःनिर्माणमा संलग्न गैसस सहज नेपालका अनुसार, मई महिनाको सुरुतिर क्यारिटास नेपालको लगानीमा देवीपुर (११८ घर), मानपुर (१४ घर), दीपेन्द्रनगर (५० घर), उदयपुर (१२ घर) र अमलवा गाउँहरूमा (३०) सुरु भयो।

उच्चायुक्तको कार्यालयले एक जाति र समूहका गाउँलेहरूले अर्को जातीय समूहकालाई हिंसापछि सहयोग उपलब्ध गराएका रिपोर्टहरू पीडित र धेरै घटनाका प्रत्यक्षदर्शीहरूबाट प्राप्त गर्‍यो।

तर, घटना भएयता पहाडी र मधेशी समुदायहरूबीच विश्वासको अभाव विद्यमान छ तथा खुरुरिया, बिसनपुर, शिवगढी, शिवपुर र पत्थरदैया गाविसका गाउँहरूमा विगत पचास वर्षमा कैयौँपटक आक्रमण गरिएको हुनाले धेरै पहाडीहरू थप आक्रमणको डरमा छन्। अन्तर्वार्ता लिइएका मधेशीहरूले दुई समुदायबीचका विश्वासमा क्षति पुगेको तर आफू पहाडीहरूसँगै मिलेर बसिरहने कुरा बताए।

हिंसा एकाएक भड्केपछिको अवधिमा, उच्चायुक्तको कार्यालयले राज्यअधिकारी, स्थानीय समुदायका अगुवाहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा राजनीतिक दलहरूलाई आशा र विश्वास निर्माण गर्न मधेशी तथा पहाडी समुदायसँग संलग्न हुन आग्रह गर्‍यो। यस सम्बन्धमा कतिपय पहलहरू भएका छन्। कृष्णनगर, चन्द्रौटा, तौलिहवा, बिसनपुर र जगदीशपुरमा मधेशी र पहाडी समुदायहरूबीच संवाद सहज बनाउन तथा विश्वासको पुनर्बहाली गर्न कपिलवस्तु जिल्ला प्रशासनले नागरिक समाजका प्रतिनिधि र राजनीतिक दलका स्थानीय नेताहरूसँग मिलेर सार्वजनिक गतिविधिहरूको आयोजना गर्‍यो। यसैबीच, समुदायहरूबीच कसरी विश्वासको पुनःनिर्माण गर्ने भन्ने प्रश्नलाई सम्बोधन गर्न नागरिक समाजका प्रतिनिधिमूलक समूहहरू र विभिन्न समुदायका प्रतिनिधिहरू सम्मिलित एक समूह पनि गठन गरियो। यस समूहले जिल्ला सदरमुकाममा कैयौं बैठकहरू गरे तापनि यसले प्रभावित गाउँहरूमा अहिलेसम्म गतिविधि सञ्चालन गरेको छैन। अन्य पहलहरूमा राजनीतिक दल वा सम्बद्ध सङ्गठनहरूद्वारा प्रभावित गाविसहरूमा निकालिएका 'सद्भावना' र्‍यालीहरू र संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) र सेभ दि चिल्ड्रेनद्वारा विद्यालहरूमा उपलब्ध गराइएको शान्ति शिक्षाको कार्यक्रम पर्दछन्।

## ८. निष्कर्ष

वि.सं. २०६४ माघको दोस्रो साता कपिलवस्तुको भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उप–उच्चायुक्त तथा नेपालस्थित उच्चायुक्तका प्रतिनिधिले विशेष जाँचबुझ आयोगको स्थापना, तराई क्षेत्रबाट प्रजिअको नियुक्ति तथा समुदायलाई एकै ठाउँमा ल्याउने स्थानीय प्रयासहरूलगायतका केही महत्त्वपूर्ण कदमहरू चालिएको कुरा बताए। तथापि, उनीहरूले उच्चायुक्तको कार्यालयलाई थप सरकारी कारबाहीको आवश्यकतामा जोड दिँदै सबै पक्षहरूलाई शान्ति प्रक्रियाको भावनाअनुसार अहिंसात्मक रूपबाट गुनासाहरूको साझा समाधान पत्ता लगाउन सहकार्य गर्न आह्वान गरे।

सरकारसँग अब यस प्रतिवेदनमा प्रकाश पारिएका कानुनी तथा नीतिगत कमीकमजोरीको समीक्षा गर्ने, आधारभूत समस्याहरूलाई झेल्ने तथा कपिलवस्तुमा हिंसाको पुनरावृत्ति हुन नदिन कार्य गर्ने अवसर छ। समयमै चेतावनी दिने सूचक एवं प्रहरी तथा स्थानीय प्रशासनको तयारीमा सुधार ल्याउने सन्दर्भमा कपिलवस्तुमा भएका घटनाबाट बहुमूल्य पाठ सिक्नुपर्छ भन्ने कुरामा उच्चायुक्तको कार्यालय विश्वास गर्दछ।

नेपालमा भएको परिवर्तनको महत्त्वपूर्ण घडीमा सरकारसँग गम्भीर अपराधहरूको अनुसन्धान हुने तथा जिम्मेवारहरूलाई कारबाही गर्ने कुरा सुनिश्चित गरेर कानुनी शासनलाई सबल बनाउने अवसर रहेको छ।

स्थितिको सामना गर्न राज्यअधिकारीहरूबाट सकारात्मक कदम चालिएका भए तापनि दण्डहीनताको वातावरण, कानुनी शासनप्रतिको सम्मानको अभाव, कमजोर राज्यअधिकारी तथा प्रहरी बल, प्रहरीमाथि विश्वासको अभाव तथा भूमिसम्बन्धी मुद्दा सबैले मानिसहरूलाई कानुन आफ्नो हातमा लिन प्रोत्साहन गरेको कुरा कपिलवस्तुमा भएको हिंसाले देखाएको उच्चायुक्तको कार्यालयले पायो।

*तनाव उत्पन्न गराउने मुद्दाहरूको सम्बोधन गर्ने कार्य*

मोहित खाँको हत्याले हिंसा निम्त्याएको भए तापनि, भूमि तथा अन्य आर्थिक मुद्दा एवं सामाजिक बहिष्कार र असमानताले तीव्र पारेका भित्रभित्रै रहेका तनाव तथा निराशा, गहिरोसँग रहेका जातीय, जातमा आधारित तथा राजनीतिक मतभेद सबैले त्यस्तो वातावरणमा मद्दत गरेका छन् जहाँ हिंसा सजिलैसँग भड्कियो।

भूमिसम्बन्धी मुद्दा कपिलवस्तुमा तनाव उत्पन्न गराउने प्रायः देखिएका कारणहरूमध्ये एक रहेको छ। जिल्लामा भूमिको लामो समयदेखिको असमान वितरण एउटा महत्त्वपूर्ण समस्याका रूपमा रहेको छ जसले अहिलेको भेदभावकारी व्यवस्थाबाट न्यूनतम लाभ प्राप्त गर्नेहरूमाझ ठूलो उत्तेजना तथा प्रतिक्रिया जन्माउँछ।

द्वन्द्वसँग सम्बन्धित मुख्य समस्या पनि सम्बोधन गरिएका छैनन्। विविध जातीय तथा धार्मिक समुदायहरूबीचको सम्बन्धलाई द्वन्द्व - खासगरी नेकपा (माओवादी) र *प्रतिकार समिति*बीच भएका भिडन्त - ले अझ खराब पारेको थियो। परिणामस्वरूप, द्वन्द्वका वर्षहरूमा धेरै सर्वसाधारण मारिए र ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित भए। औपचारिक रूपमा भङ्ग गरिए तापनि *प्रतिकार समिति*का पूर्व सदस्यहरूलाई निशस्त्र पारिएन र सङ्गठनको संरचना जस्ताको तस्तै रह्यो। द्वन्द्वका क्रममा भएका मानवअधिकार, अन्तर्राष्ट्रिय मानवीय कानुन वा गम्भीर अपराधमा जिम्मेवारहरूलाई जवाफदेही बनाउन कुनै कदम चालिएको छैन।

द्वन्द्वका क्रममा नेकपा (माओवादी) तथा *प्रतिकार समिति*द्वारा गरिएका गम्भीर अपराधका घटनाहरूमाथि नेप्रले उपयुक्त ढङ्गबाट अनुसन्धान गरेन। अधिकांश मुद्दाहरू फिर्ता लिइए र नगण्य सङ्ख्यामा मुद्दाहरू अदालतसमक्ष प्रस्तुत गरिए। पीडकहरूको पहिचान गरिएको तथा अभियोग लगाइएका केही घटनाहरूमा समेत उनीहरूलाई कहिल्यै पक्राउ गरिएन। अनुसन्धान सुरु नगर्न नेप्र राजनीतिक दलहरूको दबाबमा पर्ने गरेको छ।

*सार्वजनिक सुरक्षा*

विशेषगरी कपिलवस्तुमा प्रभावित समुदायहरूलाई मोहित खाँको हत्याप्रति भएको सशक्त प्रतिक्रियाले कुनै अचम्म लागेन तर हिंसाको मात्रा र पाशविकताले अचम्म लाग्यो। हिंसा भड्किँदा प्रहरीसँग सबै गाउँमा उपस्थिति कायम राख्ने संसाधन थिएन। अधिकांश पहाडीहरू भएको प्रहरी बलले मधेशी जनतामाझ विश्वासको सम्बन्ध बनाएको देखिएन र यसरी राज्यअधिकारीहरूले मोहित खाँको हत्याले हिंसा भड्काउने ठूलो सम्भावना रहेको स्थानीय जनताको चेतावनीलाई गम्भीरतापूर्वक लिएनन्।[५९] चन्द्रौटा र कृष्णनगरका बजारमाथि आक्रमण हुँदा नेप्रको सङ्ख्या अत्यन्त सानो हुन गयो, सप्रबले हिंसा रोक्न अत्यन्त ढिलो मात्र कारबाही गऱ्यो र प्रजिअले कर्फ्यु लगाउनुअघि कैयौं घण्टा पर्खे। आक्रमणमा परेका ग्रामीण क्षेत्रका बासिन्दाहरूको सहायतामा आउन पनि प्रहरी विफल भयो र प्रभावित क्षेत्रमा पुग्न उसलाई तीन दिनजति लाग्यो। सत्यतथ्य के हो भन्ने प्रमाणित सूचनाको अभावले चर्काएका हल्लाले थप हिंसालाई सहज बनाए।

उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका सबैका लागि सुरक्षा एउटा प्रमुख चिन्ताको विषय रहेको छ। हिंसापछि प्रहरीले आफ्नो उपस्थितिलाई अझ मजबुत पारे तापनि आफ्नो संरक्षण तथा कानुन तथा व्यवस्थाको पालना गराउने प्रहरीको ौदृढता तथा क्षमताका सम्बन्धमा आमजनतामा विश्वासको अभाव पाइन्छ।

पीडकहरूमध्ये धेरैजना चिनिएकाले र उनीहरू पीडित तथा तिनका परिवारसँगै बसिरहेकाले स्थानीय जनतामाझ भावी आक्रमण तथा अशान्तिको भय साँचो तथा गम्भीर चिन्ताको विषय रहेको छ।

*राज्यअधिकारीहरूको प्रतिक्रिया*

गलत जानकारीले चर्काएको खासगरी मधेशी समुदायविरुद्धको आक्रमण हुन नदिन राज्यअधिकारीहरूले स्थितिलाई निर्णायक रूपमा समयमै नियन्त्रणमा नलिएको उच्चायुक्तको कार्यालयका अनुसन्धानहरूले देखाउँछन्। सही जानकारी तयार गर्ने र प्रदान गर्ने जिम्मेवारी प्रहरीमा रहेको भए तापनि सञ्चारमाध्यमले पनि संवेदनशील परिस्थितिमा व्यावसायिक इमानदारिता प्रदर्शन गर्नुपर्छ र पुष्टि भएका तथ्यमात्र सम्प्रेषण गर्नुपर्छ।

समयका सम्बन्धमा नागरिक तथा कानुन पालना गराउने राज्यअधिकारीहरूका प्रारम्भिक प्रतिक्रिया त्रुटियुक्त भए तापनि उच्चायुक्तको कार्यालय बलको प्रयोग गर्नमा संयम देखाएर सम्भवत हिंसालाई थप फैलिनबाट जोगाएकोमा प्रजिअ, नेप्र तथा सप्रबको प्रशंसा गर्दछ।

---

[५९] सन् २००७ अक्टोबरमा, नेपाल सरकारले नेप्र र सप्रबमा रहेका रिक्त स्थानहरू पूर्ति गर्न महिला तथा सीमान्तकृत समुदायका सदस्यहरूलाई भर्ती गर्न कोटा लागू गर्ने निर्णय गऱ्यो।

स्थितिको गम्भीरता स्पष्ट भएपछि उच्चस्तरीय प्रहरी अधिकारीहरूलाई कारबाहीको नेतृत्व गर्न तुरुन्त परिचालन गरिएको थियो। गृह मन्त्रालयले पनि सप्रबका प्रहरी उपरीक्षक तथा प्रजिअको कार्यसम्पादनसम्बन्धी आलोचनामा दुवैलाई प्रतिस्थापन गर्ने निर्णय गरेर त्यसलाई तुरुन्त सम्बोधन गर्‍यो।

ठूलो मात्रामा एकाएक हिंसा भड्किँदा प्रतिक्रिया जनाउनमा नेप्र तथा सप्रबको कठिनाइलाई उच्चायुक्तको कार्यालयले बुझेको छ। केही समय अघिसम्म नेपाली सेनाको कपिलवस्तुमा बलियो उपस्थिति थियो, तर संयुक्त कमान्डको विघटनपछि र शान्ति सम्झौतापछि सेना ब्यारेकमै सीमित रहेपश्चात् सेनाले कानुन पालना गराउनमा कुनै भूमिका निर्वाह गरेन। यसले गर्दा सीमा वारपार हुने गैरकानुनी गतिविधि, गैरकानुनी सशस्त्र समूहका गतिविधि, *प्रतिकार समिति*का पूर्व सदस्यको स्वार्थ तथा राजनीतिक दलको हस्तक्षेपले अत्यधिक प्रभावित जिल्लामा भिड्न सानो, असुरक्षित देखिने तथा कमजोर संसाधनयुक्त प्रहरीलाई छोडियो।

*औपचारिक अनुसन्धान*

नेप्रले कपिलवस्तु, रूपन्देही तथा दाङमा हिंसा भड्किएका बेला गरिएका अपराधहरूको सक्रियरूपमा अनुसन्धान नगरेको उच्चायुक्तको कार्यालयले पायो। धेरैवटा घटनामा पीडक को हुन् भनी चिनिएका चौधजनाको हत्याबारे समयमै अनुसन्धान गर्न नेप्रको विफलता विशेष चिन्ताको विषय रहेको छ। धनसम्पत्तिमा भएको क्षतिको अनुसन्धान गर्न कदम चालिए, तर अधिकांश घटनामा जाहेरी दरखास्त दायर गरिएको र पीडकहरू चिनिएको भए तापनि प्रहरीले प्रभावित क्षेत्रमा निरन्तर तनावको स्थितिको सामना गरेकाले सन् २००८ को अप्रिलसम्ममा जीवनको क्षतिका लागि जिम्मेवारहरूलाई पक्राउ गरी अभियोजन गर्न कुनै कदम चालिरहेको छैन। कपिलवस्तुमा हिंसा भड्काउनमा मद्दत गर्ने विगतका अपराधका लागि *प्रतिकार समिति*का पूर्व सदस्यहरूलाई पनि अभियोजन गर्नमा कुनै प्रगति भएको छैन।[६०] गम्भीर अपराधको अनुसन्धान तथा जिम्मेवारहरूलाई अभियोजन गर्नमा हुने विफलताले दण्डहीनतालाई थप बल पुर्‍याउन मद्दत गर्छ, नेपालमा कानुनी शासनप्रतिको सम्मानलाई थप अवमूल्यन गर्छ र पीडितका परिवारलाई न्यायबाट वञ्चित गराउँछ। पीडितलाई दिइने क्षतिपूर्ति मद्दतकारी भए तापनि उनीहरूको आवश्यकतालाई त्यसले मात्र पूर्णरूपमा सम्बोधन गर्दैन र पूर्ण अनुसन्धान तथा न्यायिक जवाफदेहितालगायतका अन्य उपायहरूका अभावमा यसले वास्तविकरूपमा दण्डहीनतालाई थप बल पुर्‍याउन सक्छ।

सरकारद्वारा नियुक्त अनुसन्धान आयोगको कार्यदिशबारे उच्चायुक्तको कार्यालयलाई औपचारिकरूपमा नबताइए तापनि यसका अध्यक्षले आफ्नो प्राथमिक ध्यान धनसम्पत्तिको लुटपाट तथा विनाशमाथि केन्द्रित हुने बताए। आयोगले हत्या, चोटपटक हुने गरी भएका शारीरिक आक्रमण वा कानुन पालना गराउनेहरूको प्रतिक्रियाबारे अनुसन्धान गरेन। न त यसले भौतिक तथा आर्थिक दृष्टिकोणबाट प्रभावित समुदायमा परेको प्रभावको नै अध्ययन गर्‍यो।

## ९. सिफारिसहरू

नेपाल सरकारलाई उच्चायुक्तको कार्यालय-नेपाल देहायका सिफारिस गर्दछ :

*हिंसाको अनुसन्धान*

- यो हिंसात्मक घटनाका क्रममा भएका हत्याहरूको पूर्ण र निष्पक्ष अनुसन्धान गरिने कुरा सुनिश्चित गर्न। शङ्कितहरूमाथि अनुसन्धान भएको, अभियोग लगाइएको तथा अभियोजन गरिएको कुरा सुनिश्चित गर्ने कर्तव्य कपिलवस्तुको जिप्रका तथा महान्यायाधिवक्ताको हो।

- हिंसाको अनुसन्धान गर्न स्थापित न्यायिक आयोगका मुख्य निष्कर्षहरू सार्वजनिक गरिने तथा सिफारिसहरू कार्यान्वयन गरिने कुरा सुनिश्चित गर्न।

*समुदायको सम्बन्ध*

[६०] नेकपा (माओवादी)द्वारा गरिएका भनिएका अपराधहरूका सम्बन्धमा न त कुनै कानुनी कारबाही नै गरिएको छ।

- स्थानीयरूपमा विस्थापितहरूको सहायता, पुनःबसोवास तथा फिर्तीसम्बन्धी निर्णय गर्ने प्रक्रियाका जिल्लास्तरका सबै चरणहरूमा विस्थापितका प्रतिनिधिहरूलाई समावेश गराउन। कपिलवस्तु हिंसामा प्रभावित व्यक्तिहरू वा समुदायले प्राप्त गर्ने सहायता तथा राहतको परिभाषा र तिनको क्षतिपूर्तिसँग सम्बन्धित निर्णय गर्ने समग्र प्रक्रियामा त्यहाँका पीडितहरूको प्रतिनिधित्वका सम्बन्धमा पनि सोही सिद्धान्त लागू हुनुपर्छ।

- राजनीतिक दल तथा गैरसरकारी संस्था (गैसस)बीच विश्वास अभिवृद्धि गर्ने गतिविधिमा समन्वय गर्न तथा मधेशी र पहाडी समुदायबीच आशा र विश्वास निर्माण गर्न पीडितका समूहहरूसँग मिलेर काम गर्न समुदायको सम्बन्धका लागि जिल्लास्तरमा एक सम्पर्क व्यक्ति नियुक्त गर्न। सो सम्पर्क व्यक्तिले समुदायहरूबीचको मतभिन्नतासँग सम्बन्धित मुद्दाहरू उठाउन आम मानिसलाई स्थायी मञ्च उपलब्ध गराउन सम्बद्ध सबै सरोकारवालाहरू, विशेषगरी नागरिक समाज, सँग निकट रही कार्य गर्न सक्छ। स्थानीय विश्वास निर्माण प्रक्रियामा जवाफदेहिता तथा पारदर्शिता सुनिश्चित गर्न ती सम्पर्क व्यक्तिले जिल्ला प्रशासन, राजनीतिक दलहरू, पीडित समूहहरू तथा नागरिक समाजका अन्य सङ्गठनहरूद्वारा सञ्चालित विश्वास निर्माणका गतिविधिहरूबारे जानकारी दिन नियमित प्रेस विज्ञप्ति जारी गर्नुपर्छ।

*कानुन पालना गराउने कार्य*

- स्थानीय तहमा सहभागी भई गरिने प्रहरी कार्यमार्फत् छिटो चेतावनी दिने संयन्त्र समावेश गर्न कानुन पालना गराउने निकायहरूमा सुधारबारे सोच्न; यसले कपिलवस्तु तथा छिमेकी जिल्लामा हिंसा दोहरिन नदिन ठूलो काम गर्नेछ।

- कपिलवस्तु जिल्ला र समग्र तराईमा सार्वजनिक सुरक्षा सबल बनाउन पहल गर्ने, जसले कानुन तथा व्यवस्था कायम गर्ने प्रहरीको दृढता तथा क्षमतामाथि आम जनताको विश्वास अभिवृद्धि गर्नेछ। उच्चायुक्तको कार्यालय सार्वजनिक सुरक्षाका चुनौतीहरूको रोकथाम तथा तिनप्रतिको प्रतिक्रियाका सम्बन्धमा सरकारलाई मध्यकालीन सुधारलाई संस्थागत गर्ने कार्य सुरु गर्न प्रोत्साहन गर्दछ। सरकारको उच्चस्तरबाट स्वीकृत योजनामार्फत् लागू गरिनुपर्ने तथा निश्चित समयतालिकाअनुसार कार्यान्वयन गरिनुपर्ने यी सुधारहरूले संरचनागत, नीतिगत, कानुनी, कार्यात्मक तथा तालिमसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्नुपर्छ र प्रजातान्त्रिक सुपरिवेक्षणअन्तर्गत तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप क्षमता विकास गर्ने लक्ष्य राख्नुपर्छ।

- पक्राउ गर्ने कार्य तथा पक्राउ परेकाहरूलाई नेप्रसमक्ष हस्तान्तरण गर्न कार्यसञ्चालनको मानक कार्यविधिलगायत उचित कार्यप्रक्रिया स्थापना गर्न सप्रबको पक्राउ गर्ने अधिकारको पुनरावलोकन गर्न तुरुन्त कदम चाल्न।

- नेप्रले थुनुवाहरूको मानवअधिकारको सम्मान गर्ने तथा पक्राउ परेका व्यक्तिहरूको थुनाले कानुनी आवश्यकताहरू एवं थुनुवाहरूको सही अभिलेख राख्ने, उनीहरूलाई पक्राउपुर्जी वा थुना आदेश उपलब्ध गराउने, पक्राउ परेकोबारे उनीहरूका परिवारलाई जानकारी दिने, कानुनद्वारा तोकिएको समयभित्र थुनुवालाई अदालतसमक्ष प्रस्तुत गर्ने तथा कुनै पनि क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट बच्ने जस्ता कुरासँग विशेषगरी सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको सम्मान गर्ने कुरा सुनिश्चित गर्न।

- नेप्र तथा सप्रबका अधिकृत तहमा महिला तथा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गरेर ती प्रहरी बलका विभिन्न तहका खाली पदहरू पूर्ति गर्दा महिला तथा सीमान्तकृत समुदायका सदस्यहरूलाई भर्ती गर्ने विद्यमान आरक्षण लागू गर्न।

- नेप्रमा भविष्यमा हुने सबै भर्नामा समावेशी भर्ना नीति लागू गर्न।

*तनाव उत्पन्न गराउने कारणहरू*

- वि.सं. २०६३ पुस ८ गते भएको सात दलीय गठबन्धनको '२३ बुँदे सम्झौता'अनुसार वैज्ञानिक भूमिसुधार अध्ययन तथा सिफारिस आयोग गठन गर्न।

- नेकपा (माओवादी) तथा *प्रतिकार समिति*का पूर्व सदस्य दुवैद्वारा विगतमा गरिएका गम्भीर अपराधका लागि अभियोजन गरेर दण्डहीनतालाई सम्बोधन गर्न। महान्यायाधिवक्ताको कार्यालयले घटनाहरूको ठीकसँग अनुसन्धान नगरिएको वा न्यायिक व्यवस्थामार्फत् अगाडि नबढेको ठाउँमा *प्रतिकार समिति*का पूर्व सदस्यहरूमाथि कसरी अभियोजन गर्ने भनेर प्रजिअ तथा कपिलवस्तुको नेप्रलाई मार्गदर्शन गर्नुपर्छ।[६१]

अरूलाई उच्चायुक्तको कार्यालयका सिफारिसहरूः

- राजनीतिक दल तथा अन्य सरोकारवालाहरूले प्रहरी अनुसन्धानमा हस्तक्षेप गर्नबाट बच्नुपर्छ र प्रहरीलाई आफ्नो कर्तव्य स्वतन्त्र र निष्पक्षतापूर्वक सम्पन्न गर्न दिनुपर्छ। सबै राजनीतिक दलका राष्ट्रिय नेताहरूले आफ्ना क्षेत्रीय, जिल्ला तथा स्थानीयतहका कार्यकर्ता तथा समर्थकहरूलाई यस सम्बन्धमा स्पष्ट निर्देशन दिनुपर्छ।

- सञ्चारमाध्यमका प्रतिनिधिहरूले खासगरी सङ्कटको स्थितिमा आफ्ना समाचारले प्रभाव पारेको हुनसक्ने अवस्थामा सही र पुष्टि सञ्चारमाध्यमगरिएका समाचार सम्प्रेषण गर्नुपर्ने आफ्नो जिम्मेवारीबोध गर्नुपर्छ।

[६१] द्वन्द्वसँग असम्बन्धित अपराधहरू जसमा शङ्कास्पद व्यक्तिहरूलाई कहिल्यै पनि अभियोग लगाउने, तीबारे अनुसन्धान गर्ने र तिनलाई अभियोजन गर्ने कार्य गरिएको छैन।

**परिशिष्ट**

**२०६४ भदौ ३० देखि २०६४ असोज ३ भित्र कपिलवस्तुमा मारिएका व्यक्तिहरूको विवरण**

| | **नाम** | **उमेर** | **लिङ्ग** | **समुदाय** | **मृत्यु भएको मिति** | **मारिएको ठाउँ / लास रहेको ठाउँ** | ***शव परीक्षण गरिएको छ/छैन*** | **जाहेरी दरखास्त दायर गरिएको, अभियोग** | **मृतकको थाहा भएको आबद्धता** |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मोहित खाँ | ५१ | पुरुष | मधेशी / मुसलमान | ३०/०५/०६४ | बालापुर, शिवपुर गाविस | छ | छ, कर्तव्य ज्यान | जमिनदार। *प्रतिकार समिति*का पूर्व नेता, नेपाली काँग्रेसका पूर्व सदस्य तथा लोकतान्त्रिक मुक्ति मोर्चाका नेता |
| २. | धनबहादुर थापा | ४५ | पुरुष | पहाडी | ३०/०५/०६४ | छुटपट्टि, खुरुरिया गाविस | छैन | छ, कर्तव्य ज्यान | वाईसीएल कार्यकर्ताका पिता |
| ३. | हसन पुरी | ३० | पुरुष | पहाडी, क्षेत्री | ३०/०५/०६४ | चन्द्रौटा, वीरपुर गाविस | छ | छ, कर्तव्य ज्यान | सादा पोसाकमा ड्युटिमा रहेका सुर्खेतका सशस्त्र प्रहरी बलका अधिकारी |
| ४. | हिरामणि खरेल | ५५ | पुरुष | पहाडी, ब्राह्मण | ३०/०५/०६४ | मानपुर, गणेशपुर गाविस | छ | छ, कर्तव्य ज्यान | |
| ५. | शोभाराम सुनार | ३५ | पुरुष | पहाडी, दलित | ३०/०५/०६४ | देवीपुर, बिसनपुर गाविस | छैन | छ, कर्तव्य ज्यान | देवीपुरका सुकुम्बासी समुदायका स्थानीय नेता |
| ६. | दिलबहादुर सुनार | २२ | पुरुष | पहाडी, दलित | ३०/०५/०६४ | देवीपुर, बिसनपुर गाविस | छैन | छ, कर्तव्य ज्यान | शोभाराम सुनारका भाई (माथि हेर्नुहोस्) |
| ७. | हरि भनिने हेमराज बस्नेत | ३४ | पुरुष | पहाडी, क्षेत्री | ३०/०५/०६४ | देवीपुर, बिसनपुर गाविस | छैन | छ, कर्तव्य ज्यान | देवीपुरका सुकुम्बासी समुदायका स्थानीय नेता |
| ८. | झवीन्द्र खनाल | ४० | पुरुष | पहाडी, क्षेत्री | ३०/०५/०६४ | देवीपुर, बिसनपुर गाविस | छैन | छ, कर्तव्य ज्यान | हेमराज बस्नेतका आफन्त (माथि हेर्नुहोस्) |
| ९. | चन्द्रु घर्ती मगर | ३५ | पुरुष | पहाडी, मगर | ३०/०५/०६४ | देवीपुर, बिसनपुर गाविस | छैन | छ, कर्तव्य ज्यान | हल्लानगर, शिवपुर गाविसका बासिन्दा |
| १०. | 'माइतेबहादुर भनिने दलबहादुर पुन | ४२ | पुरुष | पहाडी, मगर | ३०/०५/०६४ | बिसनपुर, बिसनपुर गाविस | छैन | छ, कर्तव्य ज्यान | रमुवादह, शिवगडी गाविसका बासिन्दा |

| | नाम | उमेर | लिङ्ग | समुदाय | मृत्यु भएको मिति | मारिएको ठाउँ / लास रहेको ठाउँ | *शव परीक्षण गरिएको छ/छैन* | जाहेरी दरखास्त दायर गरिएको, अभियोग | मृतकको थाहा भएको आबद्धता |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | अर्जुन थटेल | ११ | पुरुष | पहाडी, क्षेत्री | ३०/०५/०६४ | कृष्णनगर-९ | छैन | छैन। पीडितको एउटा पसल बाहिर करेन्टलागि मृत्यु भएको थियो। परिवारले सो मृत्युलाई एक दुर्घटनाको रूपमा स्वीकार गऱ्यो, जसको कारण नेपाल प्रहरीले अनुसन्धान गरेन। | |
| १२. | रामेश्वर चौधरी | | पुरुष | मधेशी | ०३/०६/०६४ | जगदीशपुर, पत्थरदैया गाविस | छ | छ, फुटकर ज्यान | खैरेहर, पत्थरदैया गाविसका लोकतान्त्रिक मुक्ति मोर्चाका स्थानीय नेता तथा प्रतिकार समितिका पूर्व सदस्य |
| १३. | दूधनाथ तेली | | पुरुष | मधेशी | ०३/०६/०६४ | जगदीशपुर, पत्थरदैया गाविस | छ | छ, फुटकर ज्यान | खैरेहर, पत्थरदैया गाविसका लोकतान्त्रिक मुक्ति मोर्चा सदस्य |
| १४. | नूर-उ-उद्दिन | | पुरुष | मधेशी, मुसलमान | ०३/०६/०६४ | जगदीशपुर, पत्थरदैया गाविस | छ | छ, फुटकर ज्यान | खैरेहर, पत्थरदैया गाविसका लोकतान्त्रिक मुक्ति मोर्चा सदस्य |